# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

शिक्षा नै विकासको प्रमुख आधार हो र शिक्षित जनशक्तिले नै गरिबी निवारणमा सशक्त भूमिका निर्वाह गर्दछ । सबैको लागि शिक्षा र विकासको निमित्त शिक्षाका अवधारणहरूलई आत्मसात गरी शिक्षालाई राष्ट्रको यथार्थसँग गाँसेर देशमा उपलब्ध स्रोत र साधनको समूचित प्रयोग हुनु पर्दछ । विश्वको इतिहासलाई केलाएर हेर्ने हो भने त्यो राष्ट्र नै अगाडि बढेको छ जहाँ सम्पूर्ण जनताले आफ्नो आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न पाएका छन् । सम्पूर्ण जनताको आशय त्यहाँको विभिन्न जातजाति र वर्गमा बाँधिएका हुन्छन् । शिक्षाले मानिसको सोचाई र विचारमा परिवर्तन ल्याउँछ । सकारात्मक सोच विचार साथ अघि बढी परिवर्तन ल्याउनु नै विकास हो, (शैक्षिक ज्योति, २०६०) ।

नेपाल जस्तो विकासोन्मुख मुलकमा विकासको आधारशील भनेकै शिक्षा हो । शिक्षाले नै गाउँ र समुदाय रहेको अन्धविश्वास रूढीवादी परम्परा र सोचबाट मानिसलाई उन्मुक्ति प्रदान गर्दछ । मानिसमा चेतना ल्याई आइपर्ने समस्याको पहिचान र सो को समाधान गर्न देशको सामाजिक संरचनामा समयानुकुल सकारात्मक परिवर्तन ल्याउन सक्दछन् । सामाजिक मूल्य र मान्यताको प्रभाव सबैभन्दा बढी शैक्षिक क्षेत्र र त्यसमा पनि विद्यालयमा हुन्छ । समाज भन्ने वित्तिकै समुदायको कुरा आउँछ समाजमा स्थानीय मान्यताको आधारमा समुदायको निर्माण भएको हुन्छ । देशका भू-राजनीतिक अवस्थाले विभिन्न क्षेत्रको संरचना मूल्य र मान्यतालाई बढी भन्दा बढी प्रभावित गरेको हुन्छ । त्यसको प्रत्यक्ष असर शिक्षा क्षेत्रमा देख्न सकिन्छ । आजपनि देशका पहाडी र विकट क्षेत्रमा त्यहाँको बासिन्दाले बुझ्ने राजनीतिक दर्शन अलग्गै छ । कतिपय वासिन्दा वन जंगल छाडेर गाउँले र शहरी जीवन विताउन इच्छुक छैनन् । हाम्रो जस्तो गरीब देशले एकातिर विश्वको आधुनिक शिक्षासँग पनि प्रतिस्पर्धा गर्नु परिरहेको छ । अर्कोतिर जंगली यूगमा रहेका जनतालाई शिक्षाको मूलधारमा समाहित गर्दै लानु पर्ने अप्ठ्यारो स्थिति छ । त्यसो नगर्ने हो भने देशको विकास सम्भव छैन । हाम्रो अगाडि थुप्रै चुनौतिहरू छन् । एकातिर प्रौढ,

बालबालिका, महिला, सबैलाई शिक्षाको पहुँच दिनु आवश्यक छ । यसमा पनि महिला, जनजाति, दलित सुविधाविहिन वर्ग तथा अपाङ्गहरूलाई विशेष जोड दिनु पर्दछ । अर्कोतिर आधुनिक यूगसँग प्रतिस्पर्धा गर्न गुणत्मक शिक्षा प्रदान गर्नु पर्दछ । यसको लागि शिक्षा मन्त्रालयले सन् २०१५ सम्म सबैका लागि शिक्षा दिने कार्यक्रमहरू पनि अगाडी बढाउँदै छ । अबको सोचाई भनेको लक्षित वर्गलाई केन्द्रित गर्नु र गरिब, दलित र जनजातिलाई प्राथमिकता दिनु र समतामूलक अवसर पाएमा मात्र हाम्रो लक्ष्य पहुँच भित्र हुनेछ, ढुङ्गेल, २०५१ ।

चेपाङ्ग जाति नेपालको मध्य पहाडी भागका आदिवासी जङ्गली जाति हुने । यिनीहरूको बसोबास खास गरेर मकवानपुर जिल्लाको राकसिराङ्ग, खैराङ, मनहरी, भारदह र चितवन तर्फ कान्द्राङगढी, शक्तिखोर, लोथर आदि क्षेत्रमा पाइन्छन् । यी जातिहरू जङ्गलमै बसेर गिट्ठा, भ्याकुर, खोजेर, खेती गरेर तथा खोरिया फाँडेर बसेको पाईन्छ । यस जातिले व्यवसायको रूपमा चिउरीको बोट लगाउँछ र चिउरीको दाना र त्यसबाट आउने घिउबाट आफ्नो अर्थोपार्जन गरी लुगाफाटा र नुन, तेल, मसला आदिको वन्दोवस्त गर्दछन् । यिनीहरूको आफ्नो छुट्टै भाषा भएपनि छुट्टै लिपी भने छैन । यिनीहरूमा शिक्षा दिने प्रचलन नभएपनि केही समय यता देखि भने विभिन्न संस्थाहरूको सम्पर्कमा आएपछि बालबालिकाहरूलाई पढाउनु पर्दछ भन्ने चेतनाको जागृती भएको पाईन्छ । केहिले उच्च शिक्षा सम्म हासिल गरेको पनि पाइएको छ । आधुनिक समयमा आएर राजनीतिक चेतना जागृत हुँदै गएको देखिन्छ । जातिगत एवं राजनीतिक रूपमा आफ्नो आधिकारका लागि संगठनहरू पनि बनेको पाइन्छन्, (आदिवासी तथा जनजाति सम्बन्धी अवधारणा, २०५०-२०६४) ।

चेपाङ्ग जातिहरूको एक छुट्टै समुदाय छ जसलाई प्रजा समूह पनि भन्ने गरिन्छ र विशेष यी जातिहरू आफूलाई चेपाङ्ग जाति भन्नु भन्दा पनि प्रजाजाति भन्न रूचाउँछन् । ९८ प्रतिशत प्रजाजातिको घर छ भने ती मध्ये ५० प्रंतिशतको फुसको घर देखिन्छ । 'छोनाम' यिनीहरूको प्रमुख चाड भएतापनि हिन्दुहरूको चाड दशैं र तिहार ९० प्रतिशतले मनाउँछन भने माघे सक्रान्ति र साउने सक्रान्ति सबैले मनाउँछन् । ९० प्रतिशत भन्दा बढी चेपाङ्गहरू नेपाली भाषा बोल्दछन् भने आफ्नै मातृभाषमा बोल्ने १० प्रतिशत मात्र छन् । यी समुदायका मानिसहरूमा

स्वास्थ्य सम्बन्धी चेतनाको अभाव देखिन्छ । ज्वरो आउन छाती दुख्ने, झाडा पखाला लाग्ने पेट दुख्ने, रोगबाट यिनीहरू ग्रसित देखिन्छन् । केटाकेटीहरूको मृत्यु, कुपोषण, झाडापखाला र ज्वरोको कारण बढी भएको देखिन्छ । नेपालमा चेपाङ्ग जातिको साक्षरता प्रतिशत १९८९ को तथ्याङ्क अनुसार ११ प्रतिशत देखिन्छ । भने २०५८ को जनगणना अनुसार साक्षरता दर २० प्रतिशत मात्र देखिन्छ जुन राष्ट्रिय औसत भन्दा धेरै टाढा छ, (तथ्याङ्क विभाग, २०५८) ।

भण्डारी (२०६१) ले उदृत गरे अनुसार चेपाङ्ग जातिहरू अर्ध घुमन्ते र अत्यन्त दुःखदायी अवस्थामा रहेका नेपालको आदिवासी जाति हुन् । तिनीहरूको सामाजिक आर्थिक अवस्थाको साथै शैक्षिक अवस्था अत्यन्त दयनीय रहेको छ । तर कृषि पेशा मात्र जीवन निर्वाहको लागि अपर्याप्त भएको हुँदा पशुपालनका साथै जङ्गली कन्दमूल, फलफूल बटुल्ने जङ्गली जनावरको शिकार तथा माछा मार्ने पुर्ख्यौली कार्यमा समेत उनीहरूको जीवन व्यतित हुने गरेको पाईन्छ । अलिखित रूपमा चेपाङ्ग जातिलाई नेपालको इतिहासमा समावेश गरिएतापनि आम नेपाली सरह अङ्गीकार गरिएको भने पाइदैन, (उप्रेती, १९६७) ।

विकासको क्रमसँगै सामाजमा आउने परिवर्तनले चेपाङ्ग जातिको जीवन पद्धतिमा केही नगण्य प्रभाव पारेतापनि अपेक्षागत सुधार भने हुन सकेको छैन । हुनत आधुनिक राजनीतिक प्रभावले जातिगत आधारमा यिनीहरू संविधान सभाको सदस्य सम्म र केहिले उच्च शिक्षा सम्म हासिल समेत गरेको पाईन्छ । तर यिनीहरूको पहुँच भने वास्तविक रूपमा सबै क्षेत्रमा पुगेको देखिदैन । आर्थिक, सामाजिक राजनैतिक तथा शैक्षिक क्षेत्रमा क्रमसः उन्नति गराउँदै राष्ट्रिय मूलधारमा समाहित गर्न यी आदिवासी चेपाङ्ग जातिका बालबालिकाहरूलाई बढी भन्दा बढी सहभागी गराउन पर्ने कुरालाई मध्य नजर राख्दै शिक्षामा सबैको पहुँच पुऱ्याउने सरकारी नीतिलाई बल पुऱ्याउने अपेक्षा यस सोधकार्यमा राखिएको छ । त्यसैले शिक्षा पहुँच नपुगेको चेपाङ्ग जातिको बालबालिकाको बारेमा अध्ययन गरी त्यसको तहसम्म पुगी शिक्षा मन्त्रालयको लक्ष्य प्राप्तिमा केही हदसम्म सहयोग गर्न सकिने अपेक्षा राख्दै यो शोध ग्रन्थ तयार गर्ने जमर्को गरिएको हो । साथै यस शोध अध्ययनमा चेपाङ्ग जातिको बालबालिकालाई शिक्षामा बढी भन्दा बढी सहभागी गराउन के कस्ता प्रयास गर्नुपर्ने छ । कस्ता प्रयासहरू भएको छन् ? के के

समस्या अवरोधको रहेका छन् भन्ने कुराको पनि अनुसन्धान गरिने छ । यसै क्रममा मकवानपुर जिल्लाको चेपाङ्ग जाति बसोबास गर्ने प्रमुख गा.वि.सको रूपमा रहेको मनहरी गा.वि.स.का चेपाङ्ग जातिको आर्थिक, सामाजिक, शैक्षिक अवस्थालाई यसै गा.वि.स. प्रोफाइलले न्यून देखाएको हुँदा यसको कारणको तहसम्म पुगी वास्तविक अध्ययन गर्न चेपाङ्ग जातिको बालबालिकाको शैक्षिक अवस्था अध्ययन गर्न खोजिएको छ । शैक्षिक विकासबाट नै आर्थिक तथा सामाजिक विकास सम्भव हुन्छ ।

### १.२ समस्याको कथन

शिक्षाको पहुँच सबै जातजाति, वर्ग, समुदायसम्म नपुगे देशको विकासको सोच निरर्थक नै रहन्छ । निरक्षरता उन्मुलनका लागि नेपालमा अन्य योजना तथा नीति निर्माण नभएको होइनने । लक्षित वर्गलाई समेट्ने कुरा नवौं पञ्च वर्षिय योजनामा पनि थियो भने दशौं योजनामा पनि लक्षित वर्गमा शिक्षा पुऱ्याउने प्रतिवद्धता गरी विभिन्न नीतिहरू घोषित छन् ।

नीतिमा जे लेखिन्छ । त्यो अनुसार काम गर्ने प्रतिवद्धता हुनु पर्दछ । जसबाट उद्देश्य हासिल गर्न सकिन्छ । एउटा धारण शिक्षा क्षेत्रमा यस्तो रहनु पर्दछ कि लगानीका अधिकांश भाग शिक्षा क्षेत्रका पिछिडिएका वर्गमा आरक्षित हुनुपर्दछ । यस अनुरूप अगाडि बढेमा र लगानीको उपोग सही ठाउँमा र उचित रूपमा भएमा अवश्य पनि व्यक्ति त्यसबाट लाभान्वित भई शैक्षिक अवस्था राम्रो बन्न सक्दछ, (पाण्डे, २०६०) ।

नेपालका पिछडिएका जाति मध्ये चेपाङ्ग जाति नै जङ्गली आदिवासी हुन् । विकासको चरणको पहिलो तह अर्थात जंगली यूगमै रमाउने यी जातिलाई शिक्षा प्रदान गरी शिक्षित बनाउन साह्रै नै दरिलो शिक्षा नीतिको जरूरत पर्दछ । हुन त सरकारी प्रयास अनुरूप केही व्यक्तिहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालय पढाउने गरेका पाइएता पनि त्यो संख्या नगण्य छ । नेपालमा चेपाङ्ग जातिहरूको कुल जनसंख्या ५२,२३७ छ भने जम्मा २० प्रतिशत चेपाङ्गहरू मात्र शिक्षित छन् । यसै गरी ८० प्रतिशत चेपाङ्गहरूको गरिबी रेखामुनी बाँचेका छन् । यिनीहरूको

कुल संख्यामा १ प्रतिशत महिला मात्र शिक्षित पाइन्छन् भने ५ जनाले मात्र एस.एल.सी. पास गरेका छन्, (राष्ट्रिय जनगणना, २०५८) ।

केही च्योवाङ्ग, कहि चेवाङ्ग र कही चेपाङ्ग जाति भनेर चिनिने यो जातिलाई पछिल्लो समयमा आएर राज्यको तर्फबाट प्रजा जातिको रूपमा नामाकरण गरिएको छ । यो समुदाय नितान्त जंगली युगमा रहने जाति भएकोले यस्ता जातिलाई अन्य जाति सरह जंगली परिवेशबाट हटाई गाउँले तथा शहरी जीवन व्यतित गर्ने आधुनिक शिक्षित र चेतनशील नागरिक निर्माण गर्न शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । साथै सबैका लागी शिक्षा भन्ने विश्वव्यापी नाराले पनि यो जातिलाई समेटेको देखिन्छ । राज्यले पनि यिनीहरूलाई लक्षित वर्गमा समेटेर विभिन्न कार्यक्रम सहित अघि बढेको छ । साथै यिनीहरूको जातिगत तथा राजनीतिक संगठनहरूले पनि यसको उत्थान र विकासका लागि विभिन्न प्रयास गर्दै गरेको अवस्थामा यो जातिको बारेमा अध्ययन गरी यिनीहरूले समस्या के के छन् ? कस्तो सामाजिक परिवेशमा रहन्छन् ? शिक्षा प्रति यिनीहरूको धारणा कस्तो छ ? बालबालिकाहरूको अवस्था कस्तो छ ? आफ्ना बालबालिकाहरूलाई विद्यालय भर्ना गर्न चाहन्छन् या चाहदैनन् ? सरकारबाट गरिएका प्रयासहरू पर्याप्त छन् या छैनन् ? कस्तो नीति अवलम्बन गर्दा यस जातिका बालबालिकाहरूलाई शिक्षित बनाई राष्ट्र निर्माणमा सहभागी गराउन सकिन्छ ? उनीहरूको रूची र चाहना कस्तो छ ? कस्तो शैक्षिक प्रणाली यो जातिका बालबालिकाहरू लागि उपयुक्त र सान्दर्भिक रहन्छ ? आदि कुराहरूको खोज र अनुसन्धान आवश्यक र सान्दर्भिक देखिएकाले नै यस विषयलाई समस्याको रूपमा उठान गरिएको हो । लक्ष्य अनुसार विद्यालयहरू खोल्न नसक्नु, खोलिएका विद्यालयहरू भित्र चेपाङ्ग जातिका बालबालिकाहरूलाई समेट्न नसक्नु चितवनको खैरहनीमा चेपाङ्ग बालबालिकाको लागि मात्र खोलिएको अनन्तोदय आवासीय विद्यालय जस्तै विशेष विद्यालयहरू अन्य जिल्लाका चेपाङ्ग वस्तिहरूमा खोल्न नसक्नु आदि कुराहरू रहेका छन् । त्यसैले यस अध्ययन चेपाङ्ग समुदायका बालबालिकाहरूको शैक्षिक अवस्थामा केन्द्रित हुनका निम्न कारणहरू रहेका छन् :

(क) चेपाङ्ग जातिका बालबालिकाहरूका वास्तविक शैक्षिक समस्याहरू के के रहेछन जानकारी लिन ।

(ख) चेपाङ्ग जातिका समुदायमा पढे लेखेका व्यक्तिहरूको संख्या कमी हुनाको कारण खोज्न ।

(ग) चेपाङ्ग जातिको जीवन शैलीमा परिवर्तन हुन नसक्नुका रहस्यहरू प्राप्त गर्न ।

(घ) चेपाङ्ग समुदायका बालबालिकाको शैक्षिक अवस्थाका तुलनात्मक रूपमा कम सुधार देखिएको हुनाले ।

## १.३ अध्ययनको औचित्य

नेपाल सानो देश भनिएता पनि विविध जनजातिको समूह र समुदायले सिङ्गारिएको छ । गाउँ नै गाउँले बनेको मुलुक नेपालमा थुप्रै जातजातिहरूले थुप्रै भाषाहरू बोल्दछन् र आफ्नो मूल्य र मान्यता र संस्कृतिलाई अनुशरण गर्दछन् । वास्तविक नेपाली आदिवासीलाई उत्पत्तिको आधारमा दुईवटा उपसमूहमा विभाजन गर्न सकिन्छ । मूख्य आदिवासी जाति र सहायक आदिवासी जाति मुख्य आदिवासीमा नेवार, राई, लिम्बु, तामाङ्ग, गुरूङ्ग, मगर, थारू आदि पर्दछन् भने सहायकमा सतार, सुनुवार, दनुवार, चेपाङ्ग, कुसुण्डा र थकाली आदि पर्दछन् (टोनीहेगन १९६१) । यी दोस्रो समूदायबाट सिमान्तकृत भई नेपालका विकट भौगोलिक क्षेत्रहरूमा बसोबास गर्दछन् । तराईका समथर भूभाग र उपत्यकामा विशेष गरी हिन्दु आर्यजातिहरूको बसोबासदेखि तर सबै जातजातिहरू एउटै देश र संस्कारभित्र एकवद्ध भई रहदै आएको कुरा सर्वविदितै छ । विद्यमान थरिथरिका जातिमा समुदाय भित्र कुनै जाति निकै विकसित अवस्थामा देखिन्छन् भने कनै निकै नै अविकसित अर्थात ढुंगे युग जीवन विताउन बाध्य छन् । ती जाति मध्येका एक जाति चेपाङ्ग यिनीहरू गोठाले तथा शिकारी यूगमा नै जीवन विताइ रहेका देखिन्छन् । यो मात्र नेपाल राष्ट्रको एक यस्तो पछौटे आदिवासी समुदाय हो जो गरिबी पराकाष्ठामा बाँचीरहेको देखिन्छ । भगवानसँग डराउँदैन, इमान्दार अशिक्षित र अन्धविश्वासी स्वभावका यो जातिको बारेमा केही इतिहासकारहरू भन्दछन् । चेपाङ्ग जातिको इतिहास धेरै पुरानो भएता पनि नेपालको इतिहासमा यी जातिहरूलाई नेपाली सरह सम्बोधन गरिएको छैन । अशिक्षाकै कारणले

गर्दा उनीहरू आफ्नो आवश्यकता र अभावपूर्ण जीवनको परिपूर्तिको लागि सरकार र राष्ट्रसँग कुनै माग र गुनासो गर्दैनन् । सबैमा आदरभाव र आज्ञाकारिता देखाउने यिनीहरू अधिकार भनेको के हो बुझ्दैनन् सरकारका कुनैपनि साधारण र विशेष कार्यक्रहरूमा यिनीहरूलाई समावेश गरिएको देखिदैन चेपाङ्ग समुदाय एउटा उपेक्षित र कमजोर वर्गको नेपाली समुदायका रूपमा परिचित भएर रहेको तथ्यमाथि उल्लेखित कुराबाट छर्लङ्ग हुन्छ । तिनीहरूलाई अन्य जाति भन्दा अलग्गै र छुट्टै परिचय दिने हो भने नेपाली समाजले विकास प्रक्रियाको मूलधारमा यिनीहरूलाई समाहित गर्न सक्दैन । यि जाति अहिले जे जति जस्तो अवस्थामा भएपनि सरकारले विशेष योजनाहरू लागु गरी यिनीहरूको उत्थान गर्ने कोशिस गरिरहेको तथ्यलाई भने नकार्न सकिदैन । सरकारले केही वर्ष अगाडि ७ वर्षे प्रजा विकास कार्यक्रम लागु गरेको तथ्य सर्वविदितै छ । तर यी प्रयासहरू चेपाङ्ग जातिका उत्थानको लागि कोशेढुङ्गा सावित हुन नसकेपनि प्रयास भने सकारात्मक रह्यो । यस विकास कार्यक्रमले यिनीहरूमा निकै चेतनाको लहर फैलाउन सफल रह्यो ।

हालै आएर नवौं र दशौं शिक्षा योजनाले लक्षित वर्गमा यो जातिलाई समावेश गरी अनेकौ नीतिहरू लागु गरेको छ साथै चेपाङ्ग जातिको सन्दर्भमा विकासको उद्देश्य भनेको यिनीहरूको आधारभूत समस्याहरू जस्तो गरीबी, अशिक्षा खराब स्वास्थ्य, अन्धविश्वास, कम कृषि उत्पादन र सञ्चार यातायातको सुविधा आदिको समाधान गर्नु रहेको छ भने यी सबै समस्याको समाधानको लागि चेपाङ्ग समुदायलाई शिक्षित बनाउनु पर्ने कुरा पहिलो प्राथमिकतामा पर्दछ । सर्वप्रथम मानिसको सोचाई बिचारमा परिवर्तन नभई विकास सम्भव हुँदैन । सोचाई विचारमा परिवर्तन नभई विकास सम्भव हुँदैन । सोचाई र विचारको परिवर्तनले व्यवहार परिवर्तन हुन्छ र व्यवहार परिवर्तनले विकासलाई आत्मसात् गर्दछ र व्यवहार परिवर्तन शिक्षाको माध्यमबाट हुन सक्ने भएकोले यस सोध अनुसन्धानमा चेपाङ्ग जातिको बालबालिकाहरूको शैक्षिक अवस्थालाई अध्ययन क्षेत्र मानिएको छ । चेपाङ्ग समुदायको उत्थान र विकासको लागि सरकारले प्रत्येक समुदायमा रहेका बालबालिकाहरूलाई विद्यालय जाने वातावरण उपलब्ध गराउनु पर्ने र साथै त्यससँग जोडिएर आउने हरेक समस्याहरूलाई विचार गरी शैक्षिक नीति निर्माण गर्नुपर्ने भएकोले उक्त सरकारी प्रयास तथा विभिन्न कार्यक्रमद्वारा चेपाङ्ग जातिको उत्थानको लागि

प्रयासरत स्वदेशी तथा विदेशी संघ र संस्थासम्म उक्त जातिको आवाजहरू पुऱ्याउन र उनीहरूलाई पनि नेपालको राष्ट्रिय मूलधारमा समाहित गर्नु नै यस अध्ययनको मूल उद्देश्य हो । जङ्गल छोड्नु, राज्यले उपेक्षा गर्नु, मातृभाषामा शिक्षा प्रदान गर्न नसक्नु उनीहरूमा व्याप्त रूढीवादीता, आफ्नो समूहबाट अलग समूहलाई आत्मसात् गर्न नसक्ने स्वभाव आदि विभिन्न कारणले गर्दा अल्पसंख्यक जातिमा पर्ने चेपाङ्ग जातिका बालबालिकाहरूलाई अझैपनि शिक्षाको मूलप्रवाहमा समेत सकिएको छैन । यसै परिप्रेक्षमा सबैका लागि शिक्षाको मान्यता एकाकार गर्ने उपाय खोजी गर्ने दिशामा यस अध्ययनलाई अघि बढाउन खोजिएको छ । यस अध्ययन अनुसन्धानले चेपाङ्ग जातिका बालबालिकाहरूको शैक्षिक अवस्था प्रभावकारी बनाउन थप सहयोग गर्दछ । यस अध्ययनको औचित्यलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ ।

(क) चेपाङ्ग जातिको बालबालिकाहरूको शैक्षिक अवस्थाको बारेमा यथार्थ जानकारी प्राप्त गरी पहुँच वृद्धि गर्न सम्बन्धित निकायको ध्यानकर्षण गराउन सकिन्छ ।

(ख) चेपाङ्ग जातिहरूको शैक्षिक अवस्था सुधार गर्नका लागि योजना बनाउन सहयोग गर्न सक्दछ ।

(ग) पिछडिएका जातिको शिक्षामा सहभागिता बढाउनमा मद्दत मिल्दछ ।

(घ) यस विषयसँग सम्बन्धित अनुसन्धानकर्ताहरूको लागि सहयोगी हुन सक्छ ।

(ङ) चेपाङ्ग जातिको बारेमा जानकारी प्राप्त गर्न चाहने जो कोहीलाई पनि सहयोगी पुस्तकको रूपमा उपयोगी हुनेछ ।

(च) शिक्षा विद्, शिक्षक व्यवस्थापनका लागि पनि उपयोगी हुन सक्छ ।

**१.४ अध्ययनको उद्देश्य**

यस शोध अध्ययनमा निम्नलिखित उद्देश्यहरू राखिएको छ :

(क) चेपाङ्ग जातिका बालबालिकाहरूको शैक्षिक पहुँचको लेखाजोखा गर्नु ।

(ख) अभिभावकका आफ्ना बालबालिकाको शिक्षा प्रतिको धारणा पत्ता लगाउनु ।

(ग) चेपाङ्ग जातिका बालबालिकाले विद्यालय छाड्ने कारणहरू पत्ता लागउनु ।

(घ) चेपाङ्ग जातिका बालबालिकाहरूको शिक्षा प्रति सहभागिता बढाउने उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

विशेषतः मकवानपुर जिल्लाका बालबालिकाहरूको शैक्षिक अवस्थालाई यथार्थ चित्रण गर्ने गरी साथै यस अनुसन्धानमा समावेश गरिएको उद्देश्यहरूलाई प्राप्त गर्न सकिने गरी विभिन्न प्रश्नावलीहरू निर्माण गरिने छ । यस अध्ययनभित्र परेको मकवानपुर जिल्लामा रहेको चेपाङ्ग जातिका बालबालिकाहरू भन्नाले विशेष गरी मनहरी गा.वि.स.मा बसोबास गर्ने चेपाङ्ग जातिका बालबालिकाहरूले शैक्षिक अवसर प्राप्त गर्न के कति कारणले कठिनाई भएको छ भनी बुझ्न शिक्षकहरू, विद्यार्थीहरू, प्र.अ.व्यवस्थापन समितिको अध्यक्ष तथा समुदायसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षक अभिभावक संघ सँग आवद्ध अभिभावकहरूको लागि छुट्टाछुट्टै प्रश्नावलीहरू निर्माण गरिने  छन् ।

यस अध्ययनमा तोकिएका उद्देश्यहरू पूरा गर्न निम्न अनुसार अनुसन्धानात्मक प्रश्नहरू रहेका छन् :

(क) चेपाङ्ग जातिका बालबालिकाहरूको विद्यालय नियमितता कस्तो छ ?

(ख) बालबालिका नियमित रुपमा विद्यालय नआउने कारण के-के हुन् ?

(ग) विद्यालयमा चेपाङ्ग बालबालिकाको संख्या कति छ ?

(घ) चेपाङ्ग जातिका अभिभावक बालबालिकालाई विद्यालय पठाउन किन चाहादैनन् ?

(ङ) बालवालिका विचैमा विद्यालयमा छाड्नुका कारणहरु के-के हुन् ?

(च) चेपाङ्ग बालवालिकाको कक्षा बढ्दै जादा संख्या घट्दै जाने कारण के हो ?

(छ) चेपाङ्ग जातिका बालवालिकाको विद्यालयमा सहभागीता बढाउने उपायहरु के के हुन सक्दछन् ?

## १.६ अध्ययनको परिसिमा

नेपालको कुल जनसंख्याको ०.२३ संख्यामा रहेका चेपाङ्गहरू (Year Book 2007) प्रमुख रूपमा गोरखा, धादिङ्ग, चितवन र मकवानपुरका विभिन्न भागहरूमा बस्ने गरको पाईन्छ । (भण्डारी, २०६१) त्यसै मध्ये यो अध्ययनमा मकवानपूरका विकट भूभागहरूमा बसोबास गर्ने चेपाङ्ग जाति मध्ये मनहरी गा.वि.स.मा रहेका चेपाङ्ग जातिहरूलाई समावेश गरिएको छ । समय र आर्थिक स्रोतको अभावका कारण मकवानपुरका सबै गा.वि.स.हरूलाई समेट्न नसकिएतापनि मनहरी गा.वि.स.लाई नमूना गा.वि.स.को रूपमा अध्ययन गर्न निम्न परिसिमाहरू रहनेछन् :

क) यो अध्ययन नेपालको मकवानपुर जिल्लाका मनहरी गा.वि.स.मा बसोबास गर्ने चेपाङ्ग समुदाय तथा श्री ५ को सरकारबाट अनुदान प्राप्त गर्ने मनहरी गा.वि.स.को केही विद्यालयहरूमा सिमित गरिएको छ ।

ख) चेपाङ्ग विद्यार्थीहरूको शैक्षिक अवस्था पहिचान गर्न मनहरी गा.वि.स.मा सरकारी स्तरबाट सञ्चालन भएको १३ वटा विद्यालय मध्ये महेन्द्र किरण उ.मा.वि.,मनहरी, राष्ट्रिय रोटरी मा.वि. मनहरी, राष्ट्रिय मा.वि.,सुनाचुरीका विद्यार्थीका विद्यालय, प्रवेश, कक्षा छोड्ने र कक्षा दोहोर्‍याउने, कक्षा पढ्ने विद्यार्थीको अवस्था पत्ता लगाउन सम्बन्धित विद्यालयको शैक्षिक तथ्याङ्कलाई आधार लिइएको छ ।

ग) चेपाङ्ग अभिभावकको शिक्षा प्रतिको धारणा बुझ्न मनहरी गा.वि.स.को १४७ घरमा बसोबास गर्ने १०६९ चेपाङ्ग मध्ये ५० घर परिवारका चेपाङ्ग अभिभावकहरूसँग अन्तरवार्ता लिई प्राप्त प्रतिक्रियालाई विश्लेषण गरि पत्ता लगाइएको थियो ।

घ) चेपाङ्ग जातिको बालबालिकाको विद्यालय नियमितताको अवस्था बीचमा कक्षा छोड्ने कारणहरू पत्ता लगाउन छनौटमा परेका विद्यालयका ३ जना प्र.अ. तथा १२ जना शिक्षक तथा १५ जना विद्यार्थीहरूका र खुल्ला र बन्द प्रश्नावली गरी तथ्य सङ्कलन गरिएको थियो । यसको लागि विद्यालयको हाजिरी रेकर्ड पनि अध्ययन गरिएको थियो ।

ङ) समस्याको समाधान गर्न समाजका १५ जना बुद्धिजिवी शिक्षाप्रेमी तथा शिक्षाविद्सँग प्रश्नावली भराई निष्कर्ष निकालिएको छ ।

च) अध्ययनको क्रममा अध्ययन क्षेत्र भन्दा बाहिरको अध्ययन क्षेत्र नजिकै रहेको चितवन जिल्लाको खैरहनी गा.वि.स.वडा नं.१ करैयामा पर्ने चेपाङ्ग जातिका बालबालिकाहरू मात्र पढ्ने अनन्तोदय जनजाति आवाशीय बोर्डिङ्ग स्कूलको पनि अवलोकन गरिएको छ ।

छ) विशेष गरी सबै ठाउँका जातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्ष मिल्दाजुल्दा हुने भएकोले मनहरी गा.वि.स.का चेपाङ्ग जातिका बालबालिकाको शैक्षिक अवस्थाको अध्ययन सम्पूर्ण चेपाङ्ग समुदायको शैक्षिक अवस्था अध्ययनको निकट पुग्न सकिने अपेक्षा गरिएको थियो ।

## १.७ अध्ययनमा प्रयोग भएका शब्दहरूको अर्थ

आदिवासी : कुनै निश्चित भुगोलमा पुर्खादेखि बस्दै आएका जातिहरू ।

लोपोन्मुख : घट्दो संख्यामा रहेका जातिहरू ।

जनजाति : ब्राह्मण, क्षेत्री, दलितहरू बाहेकका नेपाल सरकारले तोकेको जातहरू ।

सिमान्तकृत : लोप हुन थालेका अल्पसंख्यक जातिहरू ।

कक्षा दोहोऱ्याउने : एउटै कक्षामा लगातार अध्ययन गर्ने वा असफल भइरहने ।

विद्यालय छाडेने विद्यार्थी : अध्ययनरत विद्यार्थी तह पास नगरी बीचमै विद्यालय आउन छोड्नु ।

लक्षित समूह : यस अध्ययनमा निश्चित उद्देश्य राखी अध्ययन गर्न खोजिएका मानिसहरूको समूह ।

सरोकारवाला : यस अध्ययनको लक्षित समूहसँग सरोकार राख्ने संघ संस्था वा व्यक्ति ।

चेपाङ्ग : त्रिशुली नदीको दक्षिणी भाग, राप्ति नदीको उत्तर पश्चिमी भाग र नारायणी नदीको पूर्वी भागमा बसोबास गर्ने सिमान्तकृत आदिवासी जनजाति ।

# परिच्छेद दुई :
# सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको सिंहावलोकन

नेपाल वहुभाषिक, वहुधार्मिक र वहुसांस्कृतिक मुलुक हो । सानो देश भएतापनि यहाँ विभिन्न जातिहरूले बसोबास गर्दै आएको पाईन्छ । सबै जातिहरूको शैक्षिक अवस्था, सांस्कृतिक, चाल चलनहरू एकै किसिमको रहेको पाईदैन । यहाँको अविकसित, अशिक्षित एवं पिछडिएका जनजाति मध्येको एक जाति हो चेपाङ्ग जाति । चेपाङ्ग जनजातिका बारेमा लेख र पुस्तक पाउन कठीन अवस्था रहेको देखिन्छ । केही मात्र लेखक तथा विद्वानहरूले यी जातिको बारेमा केही उल्लेख गरेको पाइएतापनि सामाजिक र शैक्षिक अवस्थालाई त्यति उजागर गर्न सकेको पाइँदैन । त्यसैले यस अनुसन्धानमा विभिन्न लेख, रचना, पुस्तक पत्रपत्रिका तथा अनुसन्धान शोधपत्रहरूमा उल्लेख भएका आंशिक कुराहरूलाई अध्ययन गरी यस अध्ययनसँग सम्बन्धित तथ्यहरूलाई पूर्णता दिन निम्न अनुसार साहित्यको विवेचना गरिएको छ ।

वि.एच.हजसन, (१८४८) को प्रकाशित अनुसन्धानत्मक कृतिमा चेपाङ्गलाई नेपालका पुराना आदिवासीको रूपमा लेखेका छन् । उनले भनेका छन् तिनीहरू जोत्न र बुन्न जान्दैनन् । तिनीहरू कर तिर्दैनन् र सम्प्रभुता स्विकार गर्दैनन् । जङ्गली कन्दमूल र जो मिलेको शिकारबाट निर्वाह गर्दछन् । राजालाई आवद क्षेत्रको मालिक ठान्दछन् । तिनीहरूसँग धनुष र काँड छन् तर कुनै आधुनिक हतियार छैनन् । तिनीहरू शिकारको सुविधा अनुसार यत्रतत्र घुम्ने गर्दछन् । प्राकृतिक अवस्थाका मानिस भनेर तिनीहरूलाई सम्झे हुन्छ ।

श्री ५ को सरकारको दशौं योजना (२०५९-२०६४) ले आफ्नो आदिवासी तथा जनजाति सम्बन्धी दीर्घकालीन अवधारण अन्तर्गत आदिको जनजातिहरूको विविधतालाई सम्बर्द्धन गर्दै राष्ट्रिय विकासको मूलप्रवाहमा सम्पन्न सहभागिताको लागि उनीहरूको आर्थिक, शैक्षिक, राजनीतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा सर्वाङ्गीण विकासमा सहभागी हुन नसकेको

आदिवासी तथा जनजातिहरूलाई शक्तिकरणको माध्यमबाट विकासका अवसरहरूमा उनीहरूको समान पहुँच पुऱ्याउने उद्देश्य राखिनु, आदिवासी जनजातिहरूको विकासको लागि शैक्षिक सुधार, विद्यार्थीलाई छात्रवृत्ति, स्वास्थ्य केन्द्रको स्थापना रोजगार तथा व्यवसायमूलक कार्यक्रमको सञ्चालन, जनजाति प्रतिष्ठानको स्थापना गरी जनजातिबारे अध्ययन अनुसन्धान गर्ने जस्ता विभिन्न कार्यक्रम समावेश गरिनुले आदिवासी जनजातिको शैक्षिक अवस्थाको अध्ययनमा थप मार्ग प्रदान गर्ने अनुभव गरिएको छ ।

अधिकारी सूर्यमणी (२०३४) को प्रकाशित पुस्तक चितवन जिल्लाको चेपाङ्गहरू र उनीहरूको स्थानीय नेतृत्वको स्वरूप बारेको अध्ययनमा, चेपाङ्ग, नेपालका भण्डै लोप हुन लागेका अल्पसंख्यक र आदिवासी जनजाति हुन् भनेर भनेका छन् । भ्ग्ण्डै एक शताब्दी अघिसम्म धनुषकाँड भिरेर जङ्गल जङ्गल चाहार्दै यिनीहरू शिकारी वा घुमन्ते जीवन विताउँदै आएका थिए । समयअनुसार परिवर्तन हुँदै जाँदा अरू जातिहरूको सम्पर्कले करिब एक डेढ शताब्दी अघिदेखि मात्र यिनीहरू कृषि पेशातिर आकृष्ट भएका हुन् तर पनि अन्य टाठाबाठाहरूको शोषणबाट मुक्त हुन नसकी सिमित र उर्बरा जग्गाको सहारमा बाँच्नु पर्नाको कारण अझै पनि आफ्नो जीवन निर्वाहको लागि जङ्गली कन्दमूल र शिकारमा भरपर्नु यिनीहरूको बाध्य रहेका छन् । यिनले चेपाङ्गको भाषिक र सांस्कृतिक पक्षको बारेमा पनि अध्ययन गरेका छन् ।

कोइराला, (२०६४) ले कमैया थारूका छोराछोरीको शिक्षा लेखमा जनजातिहरूको प्रतिनिधित्व हुने सन्दर्भमा भन्नु भएको छ । बालबालिका अभिभावक तर्फ तथा शिक्षक शिक्षणतर्फ सिमान्तकृत समूहसँगको अनुभवले के देखाउँछ भने यी आमा बाबुलाई छोराछोरीले स्कुलमा के सिक्छन् भन्ने थाहा हुँदैन । न त उनीहरू यस्को वास्ता नै गर्दछन् । शिक्षक र विद्यार्थीले पनि स्कुललाई घरसँग जोड्ने प्रयत्न गर्दैनन् । यि दुबै परिस्थितिमा घर र स्कुलको ज्ञान बीच खाडल हुन्छ । अभिभावक तथा शिक्षक अभिमुखी कार्यक्रमले यो खाडल कम गर्न सक्छ । तर यी तर्फ प्रयास भएका छैनन् ।

भण्डारी, (२०५३) कास्की जिल्लाको गाइने जातिको सामाजिक अवस्था एक सिंहावलोकनमा गाइनेहरूको जन्मदेखि मृत्यु पर्यन्तसम्म गरिने विभिन्न जातिय संस्कार गाइनेहरूको सामाजिक चालचलन पेशा व्यवसाय र उनीहरूको आयस्रोतका बारेमा चर्चा गर्नु भएको छ । गाइनेहरू आफ्नो पुर्ख्यौली पेशा सारंगी बजाउने, ठूला बडालाई खुशी पार्न र त्यसबाट प्राप्त रकमले आफ्नो जीवन गुजारा गर्ने गरेको कुरा जनाउनु साथै शिक्षामा गाइने जातिहरू त्यति धेरै समावेश नभएका, कोही कोही विद्यालय भर्ना भएका तर घरायसी काम र मजदुरी पेशाले गर्दा विद्यालय नगएका हुनाले शैक्षिक क्षेत्रमा गाइने जातिले खासै पहुँच देखिदैन । यिनीहरूको मुख्य पेशा कृषि हुनुको साथै साहु महाजनकहाँ हली बस्ने गरेको र विभिन्न चाड पर्वमा घर घर गई सारंगी बर्जा त्यसबाट प्राप्त रकम तथा अन्नले जीवन धान्ने गरेको कुरा उल्लेख गर्नु भएको छ ।

विष्ट, (१९६७) पिपुल अफ नेपाल नामक किताबमा चेपाङ्ग जातिको सामाजिक सांस्कृतिक अवस्था, तिनीहरूको उत्पत्ति, विकास र परम्परा एवं आर्थिक जीवनका बारेमा प्रकाश पारेका छन् । उनका अनुसार चेपाङ्गहरू आफुलाई पुकुन्थली र कछारे भनी दुईभागमा छुट्याउन सजिलो मान्दछन् । पुकुन्थलीहरू परिवर्तनका सिलसिलामा जङ्गली जनजीवनबाट विकसित भएर अहिले खेतीपाती र पशुपालनमा लागी सकेका र अरू जनताजातिको सम्पर्कमा बस उठ र लेनदेन थालिसकेका हुनाले आफुलाई सभ्य र शिष्ट मान्दछन् । काछारेहरू भिरालो जङ्गलको छेउछाउमा छाप्रो हालेर बस्ने गर्दछन् र खेतीमा निर्वाह गर्दैनन् ।

कार्की, (२०६६) चितवन जिल्लाका मुसहर जातिको शैक्षिक अवस्था नामक शोधपत्रमा गन्धर्व जाति जस्तै मुसहर जाति पनि एक पिछडिएको अल्पविकसित, अल्पसंख्यक जाति भएको कुरा उल्लेख गर्नु भएको छ । धेरै दलित जातिहरूको  सस्कार, सामाजिक प्रचलन र आर्थिक अवस्था मिल्दोजुल्दो भएको पाइन्छ । उहाँले मुसहर जातिका बालबालिकाहरूको विद्यालय नियमितता, विद्यालय छाड्ने प्रवृत्ति रोक्न के के कुराहरू गर्नुपर्दछ भन्ने कुरामा विशेष जोड दिनु भएको छ ।

राई, (१९७४) का अनुसार चेपाङ्गहरूले अझै पनि आफ्नो जीवन निर्वाहको लागि खाद्य संकलन गर्न शिकार खेल्ने र माछा मार्ने जस्ता कार्यहरू गर्दछन् भन्ने सम्बन्धमा वर्णन गरेको पाइन्छ । यस कृतिले उनीहरूको वास्तविक जीवनस्तरको चित्रण गरेको पाईन्छ । जीवनस्तर नै मानिसको शिक्षामा प्रभावकारी भूमिका निर्वाह गर्दछ त्यसैले यस पुस्तकमा उल्लेख भएका चेपाङ्ग जातिको रहनसहनको अध्ययनबाट यस शोध अध्ययनलाई महत्वपूर्ण तथ्यको रूपमा उल्लेख गर्नु भएको छ ।

भण्डारी, (२०६१) चेपाङ्ग जातिहरू नेपालका अत्यन्त पिछडिएका जाति हुन् । आजको एकाइसौ शताब्दीमा पनि यो जाति भोक रोग अशिक्षा र कुपोषणबाट ग्रस्त छन् । जङ्गली, ओडार झुपडीमा दिन विताउन बाध्य यी जातिहरू आफ्ना छिमेकीहरू आर्थिक, सामाजिक र सांस्कृतिक हिसाबले शोषित छन् भने सरकारी विकासक्रमबाट सधैं अपहेलित छन् । बढ्दो जनसंख्या, खेतीयोग्य जमीनको अभाव, बाढी, पहिरो, अशिक्षा, बेरोजगार र दैनिक गुजारा गर्ने स्रोतको अभावमा यिनीहरूको जीवन पद्धति दिन प्रतिदिन क्रमशः ह्रास हुँदै गएको छ ।

विश्वराज अधिकारी (२०६५), हाल आएर दलित जनजाति वर्गहरूमा शैक्षिक चेतनाको अभाव, शिक्षकका क्रियाकलाप तथा मानवीय सम्बन्ध, आर्थिक अभाव, व्यवहारिक शिक्षाको अभाव आदि कारणले विद्यार्थीहरूले बीचैमा कक्षा वा विद्यालय छाड्ने गरेका छन् । त्यसैले विभिन्न किसिमका छात्रवृत्ति शिक्षक सहयोगी र मायालु व्यवहार, राजेगारीका अवसरहरू प्रदान, जीवनपयोगी शिक्षा तथा पाठ्यक्रम, विद्यालयको भौतिक अवस्था उपयुक्त, आकर्षक पुरस्कार प्रदान आदिले यस समुदायका विद्यार्थीहरूको भर्ना दर बढाउन तथा विद्यार्थीमा नियमितता गराउन सकिन्छ ।

(१९९०) मा थाइल्याण्डको जोमटिनमा भएको सबैको लागि शिक्षा सम्बन्धी विश्व सम्मेलनले तयार गरेको घोषणपात्रलाई शिक्षा विभाग (२०६४) ले उदृतगरे अनुसार सेनेगलको डकारमा सन् २००० मा विश्व शिक्षा मञ्चले समिक्षा गर्दै सन् २०१५ सम्म विश्वमा सबै बालबालिकाहरूलाई प्राथमिक स्तरसम्मको निःशुल्क शिक्षा अनिवार्य रूपमा उपलब्ध गराउन

प्रतिवद्धता जाहेर गरेको छ । घोषणापत्र अनुसार सन् २०१५ सम्म विश्वमा सबै बालबालिकाहरूलाई प्राथमिकस्तरसम्मको निःशुल्क शिक्षा अनिवार्य रूपमा उपलब्ध गराउन प्रतिवद्धता जाहेर गरेको छ। घोषणापत्र अनुसार सन् २०१५ सम्ममा सबैका लागि शिक्षा हासिल गर्न राखिएको प्रमुख छ वटा उद्देश्यहरू हासिल गर्न नेपालले पनि सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) बनाई यस अन्तर्गत सबैका लागि शिक्षा मूल दस्तावेज कार्यक्रम ( २००४-२००९) को रणनीतिक कार्यक्रम तयार गरेर आ.व.२०६१/०६२ देखि कार्यान्वयन गर्न शुरू गरिसकेको छ । अझैपनि प्राथमिक उमेर समूहका करिब १२.६ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर छन् र तिनीहरूलाई विद्यालय भित्र ल्याउनु पर्ने दायित्व हामी सबैको हो ।

मकवानपुरको मनहरी गा.वि.स.बस्ने चेपाङ्ग जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थामा के कस्तो परिवर्तन आएको छ भन्ने सम्बन्धमा कुनै छुट्टै अध्ययन भएको नपाइएको हुँदा यस अधुरो पक्षलाई पुरा गर्ने प्रयास स्वरूप यो अध्ययन गरिएको छ । यस अध्ययनबाट चेपाङ्ग जातिको बारेमा सोध अनुसन्धान गर्नको लागि आवश्यक तथ्यहरू उपलब्ध हुने भएकोले सहयोगी पुस्तकको रूपमा विभिन्न विद्वानहरूका बिचारहरूलाई लिइएको छ । चेपाङ्ग जातिको शैक्षिक अवस्था सुधार गर्नका लागि शिक्षा प्रतिका समस्याहरू तथा निराशाहरूलाई कम गरी सामाजिक, सांस्कृतिक र आर्थिक रूपान्तरण गर्न जरूरी छ। माथिका अध्ययनले चेपाङ्ग जातिका समुदायको शैक्षिक अवस्थामा प्रभाव पार्ने विभिन्न तत्वहरू बेरोजगार, गरिबी, अभिभावकको चेतनाको कमी आदिलाई देखाइएको छ। त्यसैले पिछडिएका जातिहरूको शैक्षिक विकास गर्न उनीहरूको आर्थिक विपन्नता तथा मनोवैज्ञानिक असक्षमता जस्ता पक्षहरू त्यागेर सम्पूर्ण जनजाति र समुदायका नागरिकहरू राष्ट्रका लागि संगठित हुनुपर्ने देखिन्छ । सम्बन्धित निकायले पनि जनजातिहरूको बारेमा विस्तृतरूपमा अध्ययन गर्नुपर्ने देखिन्छ ।

## २.२ सैद्धान्तिक खाका

कुनैपनि संस्थाको निश्चित उद्देश्य हुन्छ। उक्त संस्थाले गरेको कार्यबाट सफलता पाउन तयार कार्यरत कर्मचरी प्रशासन तथा अन्य सम्बन्धित पक्ष बीच राम्रो व्यवस्थापन हुनु पर्दछ ।

तोकिएको उद्देश्य पुरा गर्ने गरी सम्बन्धित पक्षमा कार्य गर्न गराउन केही मान्यता प्राप्त सिद्धान्तहरू छन् । यस अनुसन्धान कार्य पनि तिनै स्थापित सिद्धान्तहरू मध्ये मानव सम्बन्ध सिद्धान्तमा आधारित रहने छ । जस अन्तर्गत निम्न विद्वानहरूको सिद्धान्तहरूको आधारमा शोधको विषय वस्तुलाई समन्वय गरी अघि बढाइएको छ ।

फोलेट (१९६८-१९३३), ले मानवीय नाता स्थापना गरी मनोवैज्ञानिक ढाँचा विभिन्न मनमुटाव, झगडा, कलुषित भावना आदिको समाप्ति गरी जति धेरै राम्रोसँग समन्वय र सम्बन्ध स्थापना गर्न सक्यो उति राम्रो सम्बन्ध कायम भई काममा स्तरियता एवं प्रभावकारिता हासिल हुन्छ । यसका लागि प्रजातान्त्रिक र सहभागितामूलक कार्य वा व्यवहार आवश्यक हुन्छ । यिनले समन्वय सम्बन्धी निम्न चार सिद्धान्त प्रस्तुत गरेकी छिन् । जसलाई यस अध्ययनसँग सम्बन्धित गरेर हेर्न सकिन्छ :

(क) सिधा सम्पर्कद्वारा समन्वय

(ख) प्रारम्भिक अवस्थामा समन्वय

(ग) सबै तत्वहरूबीच पारस्परिक सम्बन्धद्वारा समन्वय

(घ) समन्वय एक निरन्तर प्रक्रिया

चेपाङ्ग जातिका बालबालिकाको शैक्षिक अवस्थाको खोजी निति गर्ने र पहुँच वृद्धि गर्ने कार्यमा पनि मानव सम्बन्धको नाताले कार्य गरेमा तोकिएको उद्देश्य पूरा गर्न सकिने हुनाले चेपाङ्ग जातिको समुदायमा गई उनीहरुका बालबालिकाको शैक्षिक पहुँच र  शैक्षिक व्यवस्थापनको यथार्थ अवस्था पत्ता लगाई समस्या समाधानका उपायहरु खोजी गर्न सर्वप्रथम मानव सम्बन्ध नै स्थापना गरिनु पर्दछ । मानव सम्बन्ध राम्रो भएमा बालबालिकाहरुको पढाइमा रुची हुने उनीहरुको उपस्थितिमा नियमितता भई शैक्षिक अवस्था सुधार ल्याउन सकिने हुनाले यस अध्ययनमा विभिन्न शैक्षिक विद्वानहरुको सिद्धान्तहरुलाई अध्ययन र अनुसरण गरिएको छ ।

यस अध्ययन कार्यमा चेपाङ्ग जातिका वालवालिकाको शैक्षिक अवस्थाको खोजी निति गर्ने र पहुँच वृद्धि गर्ने कार्यमा पनि मानव सम्वन्धको नाताले कार्य गरेमा तोकिएको उद्देश्य पुरा गर्न


सकिने विश्वास लिइएका छ । चेपाङ्ग समूदायमा गई उनीहरुमा वालवालिकाको शैक्षिक पहुँच र शैक्षिक व्यवस्थापनको यथार्थ अवस्था पत्ता लगाई समस्या समाधानका उपायहरु खोजी गर्ने कार्यमा सर्वप्रथम मानव सम्वन्ध नै स्थापना गरिनु पर्दछ । यस सिद्धान्त अनुसार अवस्था पत्ता लगाउन सम्वन्धित पक्षसँग समन्वय सहभागिता, दोहोरो र वास्तविक संचार प्रणाली अपनाउनु पर्दछ । उनीहरुमा माया, ममता, स्नेह, सद्भाव सत्कार जस्ता सामाजिक भावनाले कार्य गर्दै यस अध्ययनमा राखिएका उद्देश्य पुरा गर्न मद्दत मिल्ने कुरा विश्वास गरिएको छ ।

अर्को पक्षमा मानव सम्वन्धमा राम्रो भएमा वालवालिकाहरुको पढाइमा रुचि हुने र विद्यालय नियमितता पनि कायम हुन सक्दछ । विद्यालय शिक्षक र विद्यार्थीको सम्वन्ध राम्रो हुनु जरुरी हुन्छ । विद्यार्थीहरुलाई मायालु बातावरण, सम्मान, उत्प्रेरणा र पुरस्कारको व्यवस्था भएमा विद्यालय प्रति आकर्षित हुन्छन् र तिनीहरुको शैक्षिक अवस्थामा सुधार ल्याउन सकिन्छ । विद्यार्थीको चाहाना र भावना अनुसार शिक्षण, विद्यालयको छनौट, शैक्षिक सामाग्रीको प्रयोग गरेमा शिक्षक र विद्यार्थीको सम्वन्ध राम्रो हुन जान्छ । जसले लक्षित उद्देश्य प्राप्तिमा सहयोग गर्दछ । विद्यार्थीहरुलाई सहभागिता मूलक कार्यक्रमहरु गराई सिकाई कार्यमा अग्रसर गराउन सकिन्छ । त्यसकारण "मानव सम्बसन्ध सिद्धान्त" बालबालिकालाई शिक्षामा सहभागिता वढाउनको लागि उपयोगी हुने धारणा व्यक्त गरिएको छ ।

त्यस्तै मानव सम्बन्ध भन्नाले मानिसलाई मानिस जस्तो व्यवहार गर्नु पनि हो । मानिसलाई संगठनको वस्तु वा अन्यत्र कुनै सम्पत्ति जस्तो रुपमा लिनु हुँदैन । समाज जहिले पनि धनी र गरीव दुई वर्गमा विभाजित देखिन्छ भने, एक वर्गको सबै आवश्यकता पूरा हुने र अर्को वर्ग न्यूनतम आवश्यकता पूरा गर्न पनि संधै संघर्षरत भइरहेको देखिन्छ । यस्तो परिप्रच्छमा असल व्यवस्थापकले मानव सम्बन्ध सिद्धान्तका आधारमा व्यवहार गर्नु पर्दछ । अल्फ्रड अब्राहम मास्लोले (१९४३) मा मानिसको आवश्यकतालाई वर्गीकरण गरे जस अनुसार मानिसहरु आवश्यकताको श्रृङ्खलाबाट अभिप्रेरित हुने गर्दछन् र आवश्यकताको तह पूरा गर्द जाँदा हुने सन्तुष्टि नै विकासको अवस्था हो । उनको यस सिद्धान्तलाई अभिप्रेरणाको सिद्धान्त भनिन्छ ।

आवश्यकताको वर्गीकरणलाई Hiracheary of Needs भनिन्छ । जसलाई तल उल्लेख गरिएको छ :

**df:nf]sf] clek[]/0ff ;DaGwL l;4fGt**




(स्रोतः कोइराला र श्रेष्ठ २०५९)

यस सिद्धान्त अनुसार यदि चेपाङ्ग जातिका बालबालिकाको शैक्षिक अवस्थाको खोजि गर्ने, शिक्षामा पहुँचको वृद्धि गर्ने हो भने उनीहरूका प्रारम्भिक आवश्यकताहरूको श्रृङ्खलहरू पूरा गर्नु पर्ने हुन्छ । हालसम्म पनि उनीहरूमा शारीरिक आवश्यकताहरू, गास, बास र कपास जस्ता अत्यन्त न्यून आधारभूत आवश्यतकाहरुको पनि पूर्ति हुन सकेको छैन उनीहरू उक्त आवश्यकताहरू पूरा गर्न बालबालिकाहरूलाई विद्यालय नपठाइ माछा मार्ने, गिठा भ्याकुर खोज्ने तथा खेतिपातिको काममा लगाउन चाहान्छन् । उनीहरूमा शिक्षाको प्रभाव फैलाउने हो भने मास्लोको सिद्धान्त अनुसार सर्वप्रथम उनीहरूको न्यूनतम आवश्यकताको परिपूर्ति हुन आवश्यक हुन्छ । अनिमात्र उनीहरूमा विद्यालय जानुपर्ने चेतनाको विकास हुन सक्दछ । त्यसैहुनाले यस अध्ययनमा मास्लोको अभिप्रेरणाको सिद्धान्तलाई पनि आधार मानिएको छ ।

## २.३ शैक्षिक उपादेयता

माथि उल्लेख गरिएका साहित्यहरुको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणालाई केलाउँदा शैक्षिक पक्षका विभिन्न अवस्थाहरु रहेको देखिन्छ । शिक्षाको सर्वोपरी व्यापक आवश्यकता

हुँदाहुदै पनि केही समुदाय भने शिक्षाको न्युनतम र आधारभूत ज्ञानवाट समेत पछि परेको देखिन्छ । विशेष गरी चेपाङ्ग समुदायमा शिक्षाको अभाव छ भन्ने कुरा माथिका अनुसन्धानवाट पनि प्रष्ट हुन आउँछ । उल्लेखीत साहित्य पुनरावलोकनवाट पिछडिएर रहेको चेपाङ्ग जातिका वालवालिकाको शैक्षिक अवस्थाको अध्ययन गरी उनीहरुको शैक्षिक उपलब्धीमा सहयोग पुऱ्याउने कार्यमा थप मद्दत पुग्ने महसुस गरी यो अनुसन्धान कार्य अगाडी वढाइएको छ । निश्चय नै यस प्रयासवाट चेपाङ्ग समुदायका वालवालिकाहरुको शैक्षिक उपलब्धिमा नयाँ आयाम थपिएको छ ।

नेपाल सरकारको राष्ट्रिय नीति अनुरूप सबैको लागि शिक्षा भन्ने विश्वव्यापी नारालाई सार्थक पार्न पनि यो अध्ययन उपयोगी हुनेछ भन्ने महशुस गरी आदिवासी जनजातिहरूको विविधतालाई सम्वर्द्धन गर्दै राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि उनीहरूको आर्थिक, शैक्षिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा सर्वाङ्गिण विकास र उत्थान गर्ने कार्यमा टेवा पुग्ने अपेक्षा गरिएको छ । साथै आदीवासी जनजातिको मध्ये चेपाङ्ग जातिको संरचनात्मक एवं संस्थागत सुधार गरी उनीहरूको साक्षरता वृद्धि गर्ने कार्यमा थप सहयोग पुग्ने छ भन्ने विश्वास गरिएको छ ।

जति पनि साहित्यको अध्ययनलाई आधारमानी विश्लेषण गर्दा जनजातिहरूको शैक्षिक अवस्था र त्यसको विकासको बारेमा विस्तृत अध्ययन भएको पाइएन । शिक्षाको सर्वोपरी र व्यापक आवश्यकताको महशुस भएतापनि शिक्षाको न्यूनतम ज्ञानबाट समेत जनजातिहरू पछि परेका देखिन्छन् । पिछडिएका अल्पसंख्यक जनजातिहरू शिक्षित तथा चेतनशील हुन नसकेमा देशको ठूलो हिस्सा निरक्षर हुनेछ । सक्षम जनशक्ति उत्पादन गरी देश विकासतर्फ लाग्ने हो भने पिछडिएका जनजाति, समुदाय र वर्गमा पनि शिक्षाको पहुँच पुऱ्याउन जरूरी हुन्छ ।

यसरी पिछडिएका जातिहरूमा गरिएको यस अध्ययनले सिमान्तकृत रूपमा रहका अल्पसंख्यक जातिहरूको शैक्षिक समस्या पहिचान गरी समाधान गर्न सकिन्छ । त्यसैगरी पिछडिएका जनजातिहरूका आर्थिक, सामाजिक सांस्कृतिक समस्याहरूको हल खोज्न नेपाल सरकार, गैह्र

सरकारी संस्था र दातृ निकायलाई यस तर्फ ध्यान दिन पनि सहयोग गर्दछ । साथै चेपाङ्ग जातिको बालबालिकाको शैक्षिक अवस्थाको अध्ययनले यस समुदायका समस्या समाधान गर्न उनीहरूको कमी कमजोरी हटाउन रोजगारमूलक शिक्षा दिलाउन उपयोगी हुने विश्वास गर्न सकिन्छ ।

# परिच्छेद तीनः
# अध्ययन विधि

अध्ययन तथा अनुसन्धानबाट विषयवस्तुको प्रभावकारिता र समस्याको विषयमा विस्तृत रूपमा जानकारी लिई निष्कर्षमा पुग्न सहयोग पुग्दछ । चेपाङ्ग विद्यार्थीहरू विद्यालय भर्ना हुने आधारहरू के के छन् ? उनीहरुको शैक्षिक स्थितिमा के कस्ता समस्याहरू देखा परेका छन् ? ती समस्या समाधान गर्न के कस्ता प्रयासहरू गरिएका छन् ? यी र यस्तै प्रश्नका बारेमा मकवानपुर जिल्लामा मनहरी गा.वि.स.अन्तर्गत रहेका चेपाङ्ग जातिका बालबालिकाहरुको शैक्षिक अवस्थाको अध्ययन गरिने छ। अध्ययनको क्रममा विभिन्न नतिजाहरूलाई तालिकीकरण गरी विश्लेषण गरिने छ। साथै विश्लेषणबाट प्राप्त समस्या समाधानार्थ बुँदागत रूपमा सुझाव प्रस्तुत गरिएको छ।

## ३.१ अनुसन्धान ढाँचा

यी अध्ययन अनुसन्धान गुणात्मक प्रकृतिको हो जसमा प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरी उद्देश्य प्राप्त गर्ने कार्य गरिएको छ।

## ३.२ जनसंख्या र नमूना छनौट

यस अध्ययनमा मकवानपुर जिल्ला अन्तर्गत मनहरी गा.वि.स.मा बसोबास गर्ने चेपाङ्ग अभिभावक उक्त गा.वि.स.मा रहेका विद्यालय महेन्द्र किरण उ.मा.वि. सिम्पानी, राष्ट्रिय मा.वि सुनाचुरी, राष्ट्रिय रोटरी मा.वि,.मनहरीका प्र.अ. तथा शिक्षक, विद्यार्थी, त्यहाँ बसोबास गर्ने अन्य वुद्धिजिवीहरूलाई समावेश गरिएको छ । चेपाङ्ग विद्यार्थीको विद्यालय प्रवेश, कक्षा पढ्ने, कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने संख्या तथा प्रतिशत पत्ता लगाउन विद्यालयको ३ वर्षको अवधिको विद्यार्थीको तथ्याङ्कलाई समावेश गरिएको छ।

यो अध्ययन गुणात्मक तथा संख्यात्मक दुबै भएकोले नमूना छनौट गर्नका लागि सामान्य सम्भावनायुक्त नमूना छनौट विधि र उद्देश्यपूर्ण नमूना छनौटलाई आधार लिइएको छ । जसमा प्राथमिक तथ्याङ्कहरू संकलन गर्न सम्बन्धित विद्यालयका प्र.अ.सँग खुल्ला प्रश्नावली अनुसूची १, पचास घरका चेपाङ्ग अभिभावकहरूसँग अन्तरवार्ता फारम अनुसूची २, विद्यार्थीसँग वन्द प्रश्नावली अनुसूची ३, शिक्षक तथा बुद्धिजिवीहरूसँग प्रश्नावली अनुसूची ४ र विद्यालय अवलोकन फारम अनुसूची ५ का आधारमा संकलन गरिएको छ । अन्य आवश्यक द्वितिय तथ्याङ्कहरू गा.वि.स. कार्यालय मनहरीको अभिलेख तथा विद्यालयको फर्म तथा दस्तावेजको प्रयोग गरिएको छ ।

अध्ययनलाई माथि उल्लेख गरिएका आधारभित्र सिमित राखिएतापनि उक्त स्थलभन्दा बाहिर रहेको चेपाङ्ग जातिको लागि मात्र खोलिएको चितवन जिल्लाको खैरहनी गा.वि.स. वडा नं. १ करैयामा पर्ने अनन्तोदय जनजाती आवाशिय बोर्डिङ्ग स्कुलको पनि सामान्य अध्ययन गरिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरू

अध्ययनलाई पूर्ण गर्न आवश्यक तथ्याङ्कहरू संकलनका लागि प्राथमिक र द्वितिय तथ्याङ्कको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरू अन्तरवार्ता, प्रश्नावली अवलोकन फारामका आधारमा संकलन गरिएको छ । द्वितिय तथ्याङ्कहरू गा.वि.स., जि.वि.स. र विद्यालय अभिलेखहरूबाट लिइएको छ ।

## ३.४ अध्ययन साधनको छनौट र परिक्षण

यी अध्ययनका लागि निम्न साधनको छनौट निम्न अनुसार गरिएको छ :

(क) चेपाङ्ग जातिका बालबालिकाको शैक्षिक अवस्था पत्ता लगाउन विद्यार्थीहरूसँग बन्द तथा खुला प्रश्नावली गरिएको छ । विद्यालयको दस्तावेजहरू अध्ययन गरिएको छ । साथै विद्यालयका शैक्षिक सुचाङ्क प्राप्त गर्न फारमहरू अध्ययन गरी चेपाङ्ग विद्यार्थीको

विद्यालय प्रवेश, कक्षा पढ्ने कक्षा दोहोऱ्याउने र छाड्ने विद्यार्थीको अवस्था पत्ता लगाउने उद्देश्यका लागि प्रयोग गरिएको छ ।

(ख) शिक्षा बालबालिकाको धारण पत्ता लगाउने उद्देश्य पुरा गर्नका लागि अभिभावकहरूसँग अन्तरवार्ता फारमको प्रयोग गरिएको छ ।

(ग) चेपाङ्ग बालबालिकाको नियमितताको अध्ययन गरी बीचैमा विद्यालय छाड्नुको कारण पत्ता लगाउन विद्यालयका प्र.अ.सँग बन्द तथा खुला प्रश्नावली, विद्यार्थीहरूसँग बन्द प्रश्नावली र अभिभावकसँग अन्तरवार्ता फारम प्रयोग गरिएको छ ।

यसरी अध्ययन अनुसन्धानका लागि प्रयोग गरिएका उपकरणहरू उपयोगी भए नभएको जाँच गर्नका लागि सम्बन्धित क्षेत्रका विज्ञहरूको प्रतिक्रियाका आधारमा आवश्यक सूचना थपघट गरी साधनहरूको विश्वासनीयता र वैधता स्थापित गरिएको छ ।

अनुसन्धानका साधनहरू उद्देश्य पुरा गर्ने अनुकुलका छन् या छैनन् भनि जाँच गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरूसँग छलफल गरी आएका प्रतिक्रिया र सुझावलाई ध्यानमा राखी आवश्यक सूचना थपघट गरी अनुसन्धान र साधनको विश्वासनियता र वैधता स्थापित गरिएको छ । तयार गरिएका प्रश्नावली अवलोकन फारमहरू शोध निदेशकसँग जाँच गराई साधनहरूको विश्वासनियता र वैधतालाई समेत ध्यान दिइएको छ ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

कुनैपनि विषयको अनुसन्धानको लागि नमूना छनौट गर्दा उद्देश्य र प्रकृतिमा आधारित नमूना छनौट विधि उपयुक्त हुने हुँदा त्यसै अनुरूप नमूना छनौट गरिएको छ । चेपाङ्ग जनजातिको विद्यार्थीहरूको शैक्षिक अवस्था अध्ययन गर्न मनहरी गा.वि.स.का १, उ.मा.वि. र २ मा.वि. गरी जम्मा ३ विद्यालयका प्र.अ. तथा शिक्षक शिक्षिका विद्यार्थी र अभिभावकको विचार जान्न उनीहरूसँग प्रत्यक्ष भेटघाटका आधारमा प्रनावली भराई प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । जसमा प्र.अ.१ जनाको दरले ३ जना, शिक्षक शिक्षिका ४ जनाको दरले १२ जना, विद्यार्थी २०

जना र चेपाङ्ग अत्याधिक बसोबास रहेको मनहरीका १४७ घरपरिवार मध्ये ५० घरको ५० जना अभिभावकसँग प्रश्नावली भराइएको छ भने अन्य बुद्धिजिवी र शिक्षाप्रेमी व्यक्तिहरूसँग पनि छलफल गरी तथ्याङ्क संकलन गरिएको छ । विद्यार्थीको शैक्षिक विवरण विद्यालयको अभिलेख र SIP को अध्ययनबाट संकलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

विद्यालय, समुदाय आदिबाट संकलन गरिएका तथ्यहरूलाई स्पष्टसँग विश्लेषण र व्याख्या गर्न सजिलो बनाउनका लागि तथ्याङ्कको तालिकिकरण, रेखाचित्र, चार्टको प्रयोग गरी तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

# परिच्छेद चार :
# तथ्याङ्कको व्याख्या र विश्लेषण

अनुसन्धानलाई अर्थपूर्ण बनाउन स्थलगत अध्ययनको क्रममा संकलित सूचनालाई विश्लेषण र व्याख्या गरिनु पर्दछ । यहाँ विश्लेषण भन्नाले तथ्याङ्कको वर्गीकरण, क्रमिकता र संक्षेपीकरण गर्नु हो । त्यसैले माथि उल्लेखित श्रोतहरूबाट प्राप्त तथ्याङ्क र सूचनालाई अन्तरवार्ता र सामुहिक छलफलबाट यकिन गरिसकेपछि तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । तथ्यहरू विश्लेषण गर्दा गुणात्मक तरिका प्रयोगमा ल्याइएको छ । गुणात्मक तथ्याङ्क संकलनको लागि स्थलगत अध्ययनको क्रममा राखिएको फिल्ड डायरीको विवरणहरूलाई वर्गीकरण गरी अति महत्वपूर्ण तथ्याङ्कहरू मात्र लिन तिनीहरूको बीचको अन्तरसम्बन्ध अध्ययन गरी निष्कर्ष निकालिएको छ । अध्ययनको महत्वपूर्ण कार्य भनेको अध्ययनको क्रममा गरिएको अन्तरवार्ता, प्रश्नावली र स्थलगत सर्वेक्षणद्वारा प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषणको आधारमा निष्कर्षमा पुग्नु हो । यि अध्ययनको उद्देश्यहरू पुरा गर्न प्राप्त तथ्याङ्कलाई निम्न शिर्षकमा विभाजन गरि विश्लेषण र विवेचना गरिएको छ ।

## ४.१ शैक्षिक स्थिति

यस मनहरी गा.वि.स.को पूर्वमा वसामाडी र हाडीखोला गा.वि.स. पश्चिममा पर्सा जिल्ला, उत्तरमा सरिखेत, राक्सीराङ्ग, काँकडा गा.वि.स. र दक्षिणमा भने पर्सा जिल्ला नै रहेको छ । अध्ययन स्थल मनहरी गा.वि.स.को नामाकरणका सम्बन्धमा महाभारत खण्डमा उत्पत्ति भई उत्तरबाट दक्षिणतर्फ यसै गाउँ विकास समिति हुँदै बग्ने मनहरी खोलाको नामबाट हुन गएको जनविश्वास रहेको छ ।

अध्ययन क्षेत्रका चेपाङ्ग समुदायको विद्यालय उमेर समूहका बालबालिकाहरूको शैक्षिक अवस्था पत्ता लगाउने उद्देश्यले अनुसूची दुई अनुसारको अन्तरवार्ता फारम भरिएको थियो । यो सर्वेक्षण फारम अनुसार मनहरी गा.वि.स.का १४७ घर धुरीमा १०६९ जना चेपाङ्ग जातिको बसोबास

रहेको मध्ये पुरुष चेपाङ्ग संख्या ५४२ (५०.७० प्रतिशत) र महिला चेपाङ्ग ५२७ (४९.३० प्रतिशत) रहेको पाइन्छ । गा.वि.स. प्रोफाइल (२०५८) । चेपाङ्ग जातिका १४७ घर मध्ये सामान्य सम्भावनायुक्त नमूना छनौट विधी द्वारा छनौट  गरी अध्ययन गरिएको थियो ।

### ४.१.१ जनसांख्यिक स्थिति

चेपाङ्ग जातिहरू नेपालका अत्यन्त पिछडिएका जनजाति हुन् । आजको एकाइसौं शताब्दीमा पनि यी जाति भोक, रोग, अशिक्षा र कुपोषणबाट ग्रस्त छन् । यस्ता कतिपय चेपाङ्ग आदिवासी जनजातिको बसोबास मकवानपुर जिल्लामा पनि प्रचुर मात्रामा रहेको छ । विकासको दृष्टिले मकवानपुर जिल्लाको अत्यन्त पिछडिएका जनजातिमा पर्ने यी चेपाङ्ग जातिहरू सरकारी तवरबाट सधै अपहेलित छन् । नेपालका जनगणना २०५८ अनुसार नेपालको कुल जनसंख्या २३,१५१,४२३ मध्ये चेपाङ्ग जातिको संख्या ५२,२३७ रहेको छ । जसमध्ये पुरुष ५१.२७ प्रतिशत र महिला ४८.७३ प्रतिशत रहेको छ ।

मकवानपुर जिल्लाको कुल क्षेत्रफल २,४३६ वर्ग कि.मी. रहेको छ । जसलाई ३ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । कुल जनसंख्या ४३०,८३६ वि.सं. (२०६२) को प्रक्षेपित रहेको छ । जसमा २१८५२० (५०.७२ प्रतिशत) पुरुष र महिला २१२,३१६ (४९.२८ प्रतिशत) रहेको छ । यस जिल्लामा १ नगरपालिका र ४३ गा.वि.स. रहेका छन् । यहाँका ४३ गा.वि.स.मध्ये २० गा.वि.स. तथा न.पा.मा चेपाङ्ग जातिहरू छरिएर रहेका छन् । (शैक्षिक झलक, मकवानपुर २०६३) । नेपालको कुल जनसंख्या मध्ये चेपाङ्ग जातिको संख्या ५२,२३७ रहेको छ भने मकवानपुरमा रहेको चेपाङ्ग सख्या १५,३५३ रहेको छ । अध्ययन क्षेत्रको रूपमा छनौटमा परेको मनहरी गा.वि.स.मा कुल घरपरिवार संख्या २,६२० रहेको र उक्त संख्या मध्ये चेपाङ्ग परिवार संख्या १४७ रहेको छ भने उक्त परिवारमा रहेका कुल चेपाङ्गहरूको जनसंख्या १०६९ रहेको छ । जनगणना (२०५८) । जसमा ५०.७० प्रतिशत  पुरुष र ४९.३० प्रतिशत महिला चेपाङ्ग रहेका छन्, (गा.वि.स.प्रोफाइल २०५८) ।

### ४.१.२ शैक्षिक अवस्था

शिक्षा मानव जीवनको एक महत्वपूर्ण पक्ष हो । शिक्षा विना कुनैपनि समाजको सामाजिक, आर्थिक एवं सांस्कृतिक, विकास सम्भव हुँदैन । शिक्षाकै माध्यमबाट मानिसले आफ्नो बुद्धि विवेक, सोचाई तथा जीवनस्तरमा व्यापक परिवर्तन ल्याई आफ्ना क्षमताको अभिवृद्धि गर्न सक्दछ । नेपालमा चेपाङ्ग जातिहरूको कुल जनसंख्यामा जम्मा २० प्रतिशत चेपाङ्गहरूमात्र शिक्षित छन् । त्यसमा महिला साक्षरता १ प्रतिशत मात्र देखिन्छ भने एस.एल.सी.पास गर्ने ५ जना मात्र छन् । आफ्ना छोरा छोरीलाई उचित शिक्षा दिएर तिनको भविष्य उज्वल बनाउने उद्देश्य सम्पूर्ण आमा बाबुको रहेको हुन्छ । शिक्षाको माध्यमबाट उच्च र दक्ष जनशक्तिको उत्पादन गर्न सकिन्छ । जसबाट समाजको विकास सम्भव हुन्छ । शिक्षाका माध्यमबाटै दक्ष सृजनशील उपयोगी मानव संशाधन तयार पार्न सकिन्छ । हाम्रो मुलुकमा औपचारिक र अनौपचारिक माध्यमबाट शिक्षाको कार्यक्रम ल्याएतापनि निरक्षर व्यक्तिहरूको संख्या व्याप्त रहेको छ । यस अध्ययनस्थलका चेपाङ्गहरूको शैक्षिक अवस्था पनि सन्तोषप्रद देखिदैन । आधिकांश चेपाङ्गहरू अशिक्षित छन् । त्यसकारण उनीहरूमा शिक्षाको महत्व बोध भएको देखिदैन । त्यसैले यस अध्ययनमा परेका चेपाङ्ग परिवारको शैक्षिक अवस्था तल प्रस्तुत गरिएको छ ।


तालिका १ चेपाङ परिवारको शैक्षिक अवस्था

| शिक्षाको तह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १-५ | 7 | 14 | 21 | 5.9 |
| ६-८ | 5 | 9 | 14 | 3.9 |
| ९-१० | 2 | 3 | 5 | 1.4 |
| एस.एल.सी. | 1 | 2 | 3 | 0.8 |
| +२ ( प्रमाणपत्र तह) | - | - | - | - |
| स्नातक वा माथिल्लो तह | - | - | - | - |
| साक्षर | 19 | 37 | 56 | 15.7 |
| निरक्षर | 143 | 114 | 257 | 72.2 |

स्रोत स्थलगत सर्भेक्षण (२०६७)

यसरी अध्ययन गरिएका ५० घर परिवारका जम्मा परिवार संख्या मध्ये ७२.८ प्रतिशत निरक्षर छन् भने १५.८ प्रतिशत साक्षर (न्यूनतम) लेखपढ गर्न सक्ने छन् । प्राथमिक शिक्षा हासिल गर्ने ०.८ प्रतिशत मात्र रहेको छ । यस तथ्याङ्कलाई चित्रद्वारा प्रस्तुत गरिएको छ :

**चित्र नं. १ चेपाङ परिवारको शैक्षिक अवस्था**




वास्तवमा प्रारम्भमा चेपाङ्गहरू शिक्षाप्रति अत्यन्त अनभिज्ञ थिए । बालकालदेखि नै आर्थिक क्रियाकलापमा सहभागी बनाउन उपयोगी ठान्ने चेपाङ्गहरूमा शिक्षाको महत्व बुझि त्यसतर्फ पूर्ण रूपमा जागरूकता भएको नपाइएता पनि आजकल अन्य जातिहरूसँगको सम्पर्क, प्रजा विकास कार्यक्रम, सामुदायिक शिक्षा कार्यक्रम, गैह्र सरकारी संस्थाहरूको सहयोगबाट शिक्षाप्रति भएको प्रचार प्रसार र सहभागिता बढाउन प्रदान गरिएको सुविधाहरूको कारण बच्चा स्कुल पठाउनु पर्छ भन्ने चेतनाको विकास हुन थालेका पाईन्छ ।

### ४.१.३ शैक्षिक सुविधाहरू

मकवानपुर जिल्लाको शैक्षिक इतिहासमा गुरूकुल शिक्षा पश्चात औपचारिक रूपमा २००४ सालमा भीम आधार हाइस्कुलको नामबाट भीमफेदीमा पहिलो शिक्षालयको स्थापना र वि.सं.२०१६ सालमा हेटौंडामा भुटनदेवी माध्यामिक विद्यालयको स्थापना भएको थियो ।

त्यसपछिको शैक्षिक विकासको लागि २०३२ सालमा नयाँ शिक्षा योजना लागू भएपछि व्यापक रूपमा विद्यालयहरूको स्थापना र विस्तार भएको पाईन्छ । "सबैको लागि शिक्षा र शिक्षामा समान अवसर" भन्ने सरकारी अभियानले यस जिल्लामा पनि विद्यालयहरूको विस्तार भएको छ । जिल्ला शिक्षा कार्यालय मकवानपुरबाट २०५९ सालमा प्रकाशित वुलेटिन अनुसार यस जिल्लाको जम्मा साक्षरता ६३.२ प्रतिशत छ भने पुरुष साक्षरता ७२.४ प्रतिशत र महिला साक्षरता ५३.७ प्रतिशत रहेको छ । सबैभन्दा बढी साक्षरता भएको गा.वि.स.हर्नामाढी ६१.२८ प्रतिशत र सबभन्दा कम साक्षरता भएको गा.वि.स.भार्दा १४.७६ प्रतिशत रहेको छ । यस जिल्लाभरका सम्पूर्ण विद्यालयहरूमा शैक्षिक सत्र २०६६ मा भर्ना भएका विद्यार्थीहरू मध्ये चेपाङ्ग जातिका विद्यार्थी संख्या २,७०० रहेको छ ।

अध्ययन क्षेत्र मनहरी गा.वि.स.को ज्यामिरेमा २०१९ मा महेन्द्र किरण मा.वि.सर्वप्रथम स्थापना भएको थियो । यसपछि यस गा.वि.स.मा हालसम्म सरकारीस्तरबाट सञ्चालन भएका १२ विद्यालय, समुदायबाट सञ्चालित १ सामुदायिक विद्यालय र निजीस्तरबाट सञ्चालित आवाशीय विद्यालय समेत जम्मा १४ विद्यालय छन् । यी गा.वि.स.भित्र रहेका शैक्षिक संस्थाहरूको विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २ गा.वि.स.भित्रका शैक्षिक संस्थाहरू**

| क्र.सं. | शिक्षाको तह | सरकारी | सार्वजनिक | नीजि | जम्मा |
|---|---|---|---|---|---|
| १. | प्रा.वि. (१ - ५) | १० | | १ | |
| २. | नि.वि. (६ - ८) | | | | |
| ३. | मा.वि. (९ - १०) | २ | | | |
| ४. | उ.मा.वि. (+२) | १ | | | |
| ५. | क्याम्पस | | | | |
| | जम्मा | १३ | | १ | |

स्रोत: स्थलगत सर्भेक्षण (२०६७)

प्रस्तुत तालिका अनुसार यस मनहरी गा.वि.स.को जनसंख्या १३,८३५ (७.७ प्रतिशत) (जनगणना २०५८) भित्र जम्मा १४ वटा शैक्षिक संस्था हुनु प्रयाप्त हो, तापनि चेपाङ्ग जातिको शैक्षिक अवस्था सुधिएको देखिदैन । मनहरी गा.वि.स.मा भएका १४ वटा विद्यालय र उक्त विद्यालयमा भर्ना भएका छात्र छात्राहरूको संख्या निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ३** **विद्यालयहरूमा भर्ना भएका छात्र छात्राहरूको संख्या**

| क.सं. | विद्यालयको नाम, ठेगाना | कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|---|
| 1 | महेन्द्र किरण उ.मा.वि. मनहरी | 1-12 | 685 | 703 | 1388 |
| 2 | राष्ट्रिय मा.वि. सुनाचुरी | 1-10 | 474 | 435 | 909 |
| 3 | प्रा.वि. देउकोट | 1-3 | 60 | 40 | 100 |
| 4 | राष्ट्रिय प्रा.वि. वेलुवा | 1-5 | 59 | 51 | 110 |
| 5 | विन कालिका प्रा.वि. | 1-5 | 173 | 206 | 379 |
| 6 | वालज्योति प्रा.वि. प्रतापपुर | 1-5 | 61 | 64 | 125 |
| 7 | विम्कालीका प्रा.वि. रामौली | 1-5 | 134 | 119 | 253 |
| 8 | उल वर्षा गंगा प्रा.वि. | 1-5 | 58 | 77 | 135 |
| 9 | राष्ट्रिय प्रा.वि. फरिवाङ्ग | 1-5 | 69 | 78 | 147 |
| 10 | प्रगति प्रा.वि. लोथर | 1-5 | 85 | 103 | 188 |
| 11 | सगरसमाथा प्रा.वि. रुपाचुरी | 1-5 | 103 | 59 | 162 |
| 12 | राष्ट्रिय रोटरी प्र.वि. मनहरी | 1-10 | 538 | 566 | 1104 |
| 13 | रिशेश्वर प्रा.वि. | 1-5 | 20 | 25 | 45 |
| 14 | युनाइटेड इङ्लिस वोर्डिङ्ग स्कुल | 1-5 | 60 | 24 | 84 |

| | | | |
|---|---|---|---|
| जम्मा | 1894 | 2550 | 5129 |

**स्रोत :**स्थलगत सर्वेक्षण (२०६७)

माथिको तालिका अनुसार मनहरी गा.वि.स मा भएका विद्यालयहरुको जम्मा विद्यार्थी जनसंख्या ५१२९ रहेको छ । जस मध्येमा चेपाङ्ग जातिको जनसंख्या भने ज्यादै न्यून रहेको देखिन्छ । जसअन्तरगत अध्ययन क्षेत्रमा परेको विद्यालय महेन्द्र किरण उ.मा.वि. मा भर्ना भएका जम्मा विद्यार्थी १३८८ मध्ये चेपाङ्ग विद्यार्थी जम्मा २९ ( २ प्रतिशत) रहेको पाइयो । त्यस्तै राष्ट्रिय रोटरी मा.वि. मनहरीमा अध्ययन गर्ने ११०४ जना विद्यार्थी मध्ये चेपाङ्ग विद्यार्थी २३१ जना (२१ प्रतिशत) रहेको पाइयो भने सुनाचुरी मा.वि.मा जम्मा विद्यार्थी संख्या ९०९ मध्ये ६४ (७ प्रतिशत) चेपाङ्ग विद्यार्थी अध्ययनरत रहेको पाइयो ।

### ४.१.४ उमेर अनुसारको शैक्षिक अवस्था

उमेरले सिकाइमा प्रभाव पार्दछ । त्यसैले कुनैपनि विद्यार्थीको सिकाइमा उमेरले महत्वपूर्ण भूमिका खेल्दछ । परिपक्वता उमेरको आधारमा हुन्छ र सिकाइ गर्दा उमेरको आधारमा गरिन्छ । त्यसैले शिक्षा र उमेर अन्तर सम्बन्धित रहन्छन् । विद्यालयमा पनि तहगत सिकाइको लागि उमेर तोकिएको हुन्छ । उमेरमा विद्यालय जान नसकेका विद्यार्थीहरूमा सधैं हिनताबोध पैदा हुने र यस्तो बालबालिकाहरू अध्ययन पुरा नगरी बीचमै कक्षा छोड्न पुग्दछन् । त्यसैले चेपाङ्ग समुदायमा छनौटमा परेका परिवारको उमेरगत शैक्षिक संरचना निन्म अनुसारको रहेको छ ।

**तालिका ४ चेपा■ समुदायको उमेरगत शैक्षिक स्थिति**

| क्र.सं | उमेर | कक्षा १-५ | कक्षा ६-८ | एस.एल.सी. | कक्षा ११-१२ | स्नातक वा भन्दा बढी | साक्षर | निरक्षर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ५-९ वर्ष | 20 | - | - | - | - | 3 | 3 | 26 |
| 2 | १०-१३ वर्ष | 10 | 6 | - | - | - | 1 | 1 | 28 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 3 | १४-१५ वर्ष | - | 7 | 1 | - | - | 26 | 1 | 11 |
| 4 | १५ भन्दा माथि | 1 | 7 | 8 | 5 | - | 64 | 72 | 576 |
| | जम्मा | 31 | 20 | 9 | 5 | - | 70 | 77 | 212 |
| | प्रतिशत | 14.6 | 9.4 | 4.24 | 2.35 | - | 33.9 | 36.9 | 100 |

स्रोतः स्थलगत सर्भेक्षण (२०६७)

माथिको तालिका नं.४ मा चेपाङ्ग समुदायका बालबालिकाहरूको उमेरगत शैक्षिक अवस्था देखाएको छ । जसमध्ये अध्ययनमा समावेश गरिएका ५० घरधुरीका २१२ जना संख्या मध्ये १४.६ प्रतिशत प्राथमिक शिक्षा अध्ययन गर्ने, नि.मा.वि.तहमा अध्ययन गर्ने ९.४ प्रतिशत, एस.एल.सी.सम्म अध्ययन गर्ने ४.२४ प्रतिशत, उ.मा.वि.तहमा अध्ययन गर्ने २.३५ प्रतिशत, स्नातकसम्म अध्ययन गर्ने चेपाङ्ग विद्यार्थी शुन्य रहेको र हाल अध्ययन छाडीसकेका व्यक्तिहरू ३३.९ प्रतिशत र निरक्षर व्यक्तिहरूको संख्या ३६.३ प्रतिशत छ । पूर्व प्राथमिक तहमा अध्ययन गर्ने ५ जना विद्यार्थीहरू रहेका छन् । अध्ययन क्षेत्र भित्रका २१२ जनाको अध्ययन अनुसार भन्ने हो भने ५-९ वर्षमा प्राथमिक तह अध्ययन गरिसक्नु पर्ने उमेर हो तर १०-१३ वर्षका बच्चाहरू नि.मा.वि अध्ययन गर्ने भन्दा प्रा.वि. तहमा अध्ययन गर्ने धेरै देखिन्छन् । १४-१५ वर्षमा नि.मा.वि.तह सक्नु पर्नेमा सबैजसो उक्त तहमै अध्ययनरत नै देखिन्छन् । १५ वर्ष माथि हुँदा पनि प्रा.वि.तहमा १ जना विद्यार्थी अध्ययन गरिरहेको अध्ययनले देखाएको छ । त्यसैले तोकिएको उमेरमा तोकिएको तह पुरा गरेको देखिदैन भने जति तह बढ्दै गएको छ उति विद्यार्थी संख्या घट्दै गएको र उच्च शिक्षासम्म पुग्दा विद्यार्थी संख्या सुन्य देखिन्छ ।

### ४.१.५ विद्यालय प्रवेश, कक्षा चढ्ने, दोहोऱ्याउने र छोड्ने अवस्था

शिक्षा भनेको सिकाइ प्रक्रिया हो । यो निरन्तर हुनुपर्दछ । सिकाईमा निरन्तरता नभए राम्रो सिकाई हुँदैन । कुनैपनि विद्यालयमा विद्यार्थीको उपस्थितिमा निरन्तरता नभए विद्यालयले स्तरिय शिक्षा प्रदान गर्न सक्दैनन. । चेपाङ्ग जातिका बालबालिकाहरूको शैक्षिक अवस्था अध्ययन गर्न

उनीहरूको विद्यालय शिक्षाको बारेमा जानकारी हुन आवश्यक हुन्छ। त्यसैले यो अध्ययन चेपाङ्ग जातिको अत्याधिक बसोबास रहेको मनहरी गा.वि.स.का ३ वटा विद्यालयहरूलाई उद्देश्यपूर्ण नमूना छनौट विधिका आधारमा नमूनाका रूपमा छनौट गरी विद्यालयको २०६४ देखि २०६६ सम्मको शैक्षिक तथ्याङ्कका आधारमा कक्षा प्रवेश गर्ने, अन्तिम परीक्षमा सम्मिलित हुने, उत्तीर्ण, अनुत्तिर्ण र बीचैमा छाड्ने अवस्थाको अध्ययन गरिएको थियो । यस अध्ययनलाई तालिकाहरूमा देखाइएको छ।

**तालिका ५  महेन्द्र किरण उच्च मा.वि.को २०६४ देखि २०६६ सम्मको चेपाङ जातिको विद्यार्थी विवरण**

| कक्षा | शैक्षिक सत्र २०६४ | | | शैक्षिक सत्र २०६५ | | | शैक्षिक सत्र २०६६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना | परीक्षा दिने | उत्तीर्ण | भर्ना | परीक्षा दिने | उत्तीर्ण | भर्ना | परीक्षा दिने | उत्तीर्ण |
| 1 | 1 | 1 | 1 | 2 | 2 | 2 | 2 | 2 | 2 |
| 2 | 3 | 2 | 2 | 3 | 3 | 2 | 4 | 3 | 3 |
| 3 | 3 | 3 | 2 | 4 | 3 | 3 | 3 | 2 | 2 |
| 4 | 2 | 2 | 2 | 3 | 3 | 2 | 3 | 3 | 2 |
| 5 | 4 | 4 | 3 | 2 | 2 | 2 | 2 | 2 | 2 |
| 6 | 5 | 5 | 3 | 6 | 6 | 5 | 4 | 4 | 2 |
| 7 | 3 | 3 | 3 | 3 | 3 | 2 | 4 | 3 | 2 |
| 8 | 2 | 2 | 1 | 2 | 2 | 1 | 2 | 2 | 2 |
| 9 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 |
| 10 | 1 | 1 | 1 | 1 | 1 | 1 | 2 | 2 | 2 |
| 11 | - | - | - | 1 | 1 | 1 | 2 | 2 | 2 |
| 12 | - | - | - | 1 | 1 | 1 | 1 | - | - |
| 13 | 25 | 24 | 19 | 29 | 28 | 23 | 30 | 26 | 23 |

स्रोत: विद्यालय अभिलेख (२०६७)

महेन्द्र किरण उ.मा.वि.को परीक्षा विश्लेषण दर्गा २०६४ मा ४ प्रतिशतले विद्यालय छाडेका छन् । २०६५ मा घटेर ३.५ प्रतिशतमा पुगेको थियो । जसबाट सकारात्मक स्थिति देखिएको थियो । तर शैक्षिक सत्र २०६६ मा आएर यो संख्या बढेर १३.५ प्रतिशत पुगेको देखिन्छ ।

यसबाट चेपाङ्गहरूको शैक्षिक अवस्थामा प्रतिशतको हिसाबले बृद्धि भएता पनि विद्यालय छाड्ने प्रवृत्तिमा भने सुधार आउन नसकेको प्रष्ट हुन्छ ।

शैक्षिक सत्र २०६४ मा उत्तीर्ण ७९ प्रतिशत भएका थिए । २०६५ मा यो संख्या ८२ प्रतिशत भएको थियो । यो संख्या शैक्षिक सत्र २०६६ मा आएर ८६ प्रतिशत भएबाट सुधारतिर विभिन्न संघ संस्था तथा सरकारको चेतनामूलक कार्यक्रमहरूबाट प्रभावित भई आफ्ना बालबालिकाहरूलाई पढाउन थालेकाले विद्यार्थी संख्या बढ्दै गएको देखिएतापनि पनि विद्यालय छाड्ने प्रवृत्तिमा भने सुधार नदेखिएकाले यसको समस्याको निराकरणको लागि प्रयास गर्नुपर्ने जरूरी देखिन्छ । नत्र संख्या मात्र बढ्नुले शैक्षिक अवस्थाको उत्थान सम्भव देखिदैन ।

**तालिका ६ राष्ट्रिय मा.वि.सुनाचरीको शैक्षिक सत्र २०६४ देखि २०६६ को चेपा▪ विद्यार्थीको विवरण**

| कक्षा | शैक्षिक सत्र २०६४ | | | शैक्षिक सत्र २०६५ | | | शैक्षिक सत्र २०६६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना | परीक्षा दिने | उत्तीर्ण | भर्ना | परीक्षा दिने | उत्तीर्ण | भर्ना | परीक्षा दिने | उत्तीर्ण |
| 1 | 9 | 5 | 4 | 12 | 10 | 8 | 15 | 12 | 10 |
| 2 | 7 | 5 | 4 | 9 | 4 | 4 | 11 | 10 | 9 |
| 3 | 5 | 4 | 3 | 5 | 3 | 2 | 9 | 5 | 4 |
| 4 | 2 | 2 | 2 | 4 | 3 | 2 | 6 | 4 | 4 |
| 5 | 4 | 3 | 2 | 2 | 2 | 2 | 5 | 4 | 3 |
| 6 | 5 | 5 | 4 | 5 | 4 | 4 | 8 | 7 | 6 |
| 7 | 3 | 3 | 2 | 6 | 5 | 4 | 5 | 3 | 2 |
| 8 | 3 | 3 | 2 | 4 | 3 | 2 | 2 | 2 | 2 |
| 9 | 2 | 2 | 1 | 2 | 2 | 2 | 2 | 1 | 1 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 10 | 1 | 1 | 1 | 2 | 2 | 2 | 1 | 1 | 1 |
| hDdf | 41 | 33 | 25 | 51 | 38 | 32 | 64 | 49 | 42 |

स्रोतः विद्यालय अभिलेख (२०६७)

राष्ट्रिय मा.वि.सुनाचुरीको विद्यार्थी विवरण र नतिजा विश्लेषण गर्दा २०६४ मा विद्यालय छाड्ने १९.५ प्रतिशत विद्यार्थी छन् । शैक्षिक सत्र २०६५ मा यो संख्या २५.५ प्रतिशत रहेको छ भने २०६६ मा २३.५ प्रतिशत देखिन आउँछ । जसबाट चेपाङ्गहरूको विद्यालय छाड्ने स्थिति घटेर गएको देखिन्छ । तालिकाबाट नतिजा विश्लेषण गर्दा सम्मिलित विद्यार्थीहरूको उत्तीर्ण दर २०६४ मा ७४.७५ प्रतिशत छ । २०६५ मा ८४.२ प्रतिशत र शैक्षिक सत्र २०६६ मा ८५.७ प्रतिशत देखिन्छ । उक्त तालिकाबाट चेपाङ्ग विद्यार्थीहरूको नतिजा विश्लेषण गर्दा उत्तीर्ण दर सन्तोषजनक देखिन्छ ।

**तालिका ७ राष्ट्रिय रोटरी मा.वि.मनहरीको शैक्षिक सत्र २०६४ देखि २०६६ को चेपा▪ विद्यार्थीको विवरण**

| कक्षा | शैक्षिक सत्र २०६४ | | | शैक्षिक सत्र २०६५ | | | शैक्षिक सत्र २०६६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना | परीक्षा दिने | उत्तीर्ण | भर्ना | परीक्षा दिने | उत्तीर्ण | भर्ना | परीक्षा दिने | उत्तीर्ण |
| 1 | 26 | 18 | 16 | 29 | 21 | 19 | 7 | 7 | 5 |
| 2 | 20 | 17 | 16 | 26 | 18 | 14 | 27 | 20 | 15 |
| 3 | 18 | 15 | 16 | 31 | 23 | 19 | 16 | 14 | 12 |
| 4 | 15 | 13 | 12 | 33 | 26 | 21 | 28 | 22 | 18 |
| 5 | 16 | 15 | 13 | 18 | 17 | 14 | 25 | 19 | 15 |
| 6 | 20 | 15 | 12 | 25 | 23 | 20 | 36 | 24 | 16 |
| 7 | 15 | 12 | 10 | 16 | 14 | 13 | 17 | 15 | 12 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 8 | 11 | 10 | 8 | 14 | 12 | 10 | 18 | 17 | 15 |
| 9 | 8 | 7 | 6 | 12 | 11 | 10 | 17 | 14 | 12 |
| 10 | 6 | 6 | 5 | 8 | 8 | 6 | 12 | 12 | 10 |
| hDdf | 155 | 128 | 114 | 212 | 173 | 146 | 203 | 164 | 130 |

स्रोत: विद्यालय अभिलेख (२०६७)

तालिका नं. ७ को राष्ट्रिय रोटरी मा.वि.मनहरीको विवरण अध्ययन गर्दा शैक्षिक सत्र २०६४ मा जम्मा १५५ विद्यार्थीमा ११३ विद्यार्थीले परीक्षा दिएका थिए, जसमा विद्यालय छाड्ने ३७ प्रतिशत थिए । शैक्षिक सत्र २०६५ मा विद्यालय छाड्ने १८.४ प्रतिशत थिए यो संख्या २०६६ मा १९ प्रतिशत पुगेको थियो । जसबाट चेपाङ्ग जातिको शैक्षिक अवस्थामा अझै आशाजनक स्थिति देखा परेको छैन । तर यस गा.वि.स.को सबैभन्दा बढी चेपाङ्ग विद्यार्थी अध्ययन गर्ने यस विद्यालयले केही अझ बढी पहल र प्रयास गरेमा चेपाङ्ग जातिको शैक्षिक अवस्थाको उत्थानमा सकारात्मक भूमिका खेल्न सक्ने आशा गर्न सकिन्छ ।

यसरी २०६४ मा ३ वटै विद्यालयमा अध्ययन गर्ने जम्मा विद्यार्थी २२१, परीक्षा दिने १७०, विद्यालय छाड्ने ५१ जना रहेको पाइन्छ । जुन प्रतिशतमा २३.७० हुन आउँछ । २०६५ मा अध्ययन गर्ने जम्मा २९२ विद्यार्थी मध्ये परीक्षा दिने २३९ जना विद्यालय छाड्ने ३८ जना, जुन प्रतिशतमा १३.०१ हुन आउँछ । त्यसै गरेर २०६६ सालमा अध्ययन गर्ने जम्मा विद्यार्थी २९७ जना रहेकोमा परीक्षा दिने २३९ जना थिए । जसमा विद्यालय छाड्ने ५८ जना थिए । जस अनुसार २४.२६ प्रतिशतमा रहेको थियो । यसरी चेपाङ्ग जातिहरूको विद्यालय छाड्ने अवस्थामा अझ सुधार भएको देखिदैन । प्राथमिक तहमा भन्दा माथिल्लो तहमा विद्यार्थीको संख्या घट्दै गएको र उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी नगण्य रहेको छ । शैक्षिक सत्र २०६४ मा जम्मा २२१ विद्यार्थी परीक्षा दिने १७० विद्यार्थीहरूमा उत्तीर्ण हुने १५५ जना थिए जुन ९१.१७ प्रतिशत हुन आउँछ । शैक्षिक सत्र २०६५ मा जम्मा २९२ विद्यार्थी थिए । जसअनुसार २३९ जना विद्यार्थीमा उत्तीर्ण विद्यार्थी २०१ जना थिए । जसअनुसार ८४.१० प्रतिशत थियो । शैक्षिक सत्र

२०६६ मा जम्मा २९७ विद्यार्थीमा २३९ जना परीक्षामा सम्मिलित भएका थिए । जसमा उत्तीर्ण १९५ जना थिए । जसअनुसार ८१.५८ प्रतिशत थियो । यो तथ्याङ्क हेर्दा उत्तीर्ण दर सन्तोषजनक देखिन्छ । तर १८.१४ प्रतिशत अनुत्तिर्ण हुनु अझै राम्रो मान्न सकिन्न ।

३ वर्षको तथ्याङ्कको अध्ययन अनुसार सबै विद्यालयमा जम्मा ६४८ जना विद्यार्थीले परीक्षा दिएकोमा ५५१ विद्यार्थी उत्तीर्ण भएका छन् । यो उत्तीर्ण ८५.०३ प्रतिशत हुन आउँछ । अझै १५ प्रतिशत को हाराहारीमा विद्यार्थी अनुत्तिर्ण हुने गरेको यस तथ्याङ्कबाट देखिन्छ । यसबाट चेपाङ्ग समुदायको शैक्षिक अवस्था राम्रो भएको मान्न सकिदैन । शैक्षिक अवस्था राम्रो बनाउन विद्यालय छोड्ने दर घटाउन र उत्तीर्ण दर बढाउन सके मात्र उपेक्षित उपलब्धी हासिल गर्न सकिन्छ ।

## ४.२ चेपा▪ अभिभावकको आफ्ना बालबालिकाको शिक्षाप्रतिको धारणा

बालबालिकालाई विद्यालय पठाउने वातावरण सृजना गर्नुमा अभिभावकको महत्वपूर्ण भूमिका रहन्छ । अभिभावकको नै शिक्षा प्रति नकारात्मक धारणा रह्यो भने राज्य, सरकार र संस्थाहरूको शिक्षाप्रतिको पनि उनीहरू बालबालिकाको शिक्षा प्रति सकारात्मक हुँदैनन् त्यसैले यस अध्ययनमा चेपाङ्ग अभिभावकहरू आफ्नो बालबालिकाको शिक्षा प्रति कस्तो धारण रहेको छ भनि यस अध्ययनमा बुझ्ने प्रयास गरिएको थियो ।

### ४.२.१ चेपा▪ अभिभावकको शैक्षिक अवस्थाको अध्ययन

अभिभावकको आफ्ना बालबालिकाको शिक्षाप्रतिको धारणाले बालबालिकाको शैक्षिक अवस्थामा प्रत्यक्ष प्रभाव पार्दछ । अभिभावकहरू शिक्षक शिक्षित छन् भने बालबालिकालाई बेलैमा विद्यालय भर्ना गर्ने, कापी कलम जस्ता आवश्यक सामग्री किनीदिन, घरको काममा नलगाउने तथा छिटो विवाह नगर्ने सोचाई राख्दछन भने अशिक्षित बाबु आमा ठीक विपरित सोचाई


राख्दछन् । अध्ययनको क्रममा छनौटमा परेका ५० घर परिवारको ५० जना अभिभावकसँग अनुसूची २ अनुसार तयार पारिएको अन्तरवार्ता फारमका आधारमा अध्ययन गरिएको थियो । चेपाङ्ग अभिभावकको साक्षरता स्थिति तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ८ अध्ययन क्षेत्रमा चेपा▪हरूको शैक्षिक स्तर**

| क्र.सं. | शैक्षिक तह | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | अनौपचारिक शिक्षा | १ | २ | |
| २. | १ देखि ५ कक्षा | ४ | ८ | |
| ३. | ६ देखि ८ कक्षा | ४ | ८ | |
| ४. | ९ देखि १० कक्षा | - | - | |
| ५. | उच्च शिक्षा | - | - | |
| ६. | निरक्षर | ४१ | ८२ | |
| | जम्मा | ५० | १०० | |

स्रोत स्थलगत सर्भेक्षण - २०६७

**चित्र नं. २ अध्ययन क्षेत्रमा चेपाङ्गहरुको शैक्षिक स्तर**




माथिको तथ्याङ्क हेर्दा अध्ययनमा समावेश गरिएका चेपाङ्ग अभिभावक मध्ये १ जना अनौपचारिक शिक्षा पाएका छन् भने विद्यालय तहको शिक्षा प्राप्त गर्ने अभिभावकहरू प्राथमिक तहको ८ तर नि.मा.वि.तह अध्ययन गर्ने ८ प्रतिशत मात्र छ भने मा.वि.तह र सो भन्दा माथि अध्ययन गर्ने अभिभावक संख्या शुन्य छ । अध्ययनको सिलसिलामा अभिभावकबाट प्राप्त जानकारी अनुसार शिक्षित चेपाङ्गहरूको बालबालिका सबै विद्यालय जाने गरेको र निरक्षर आंशिक मात्र जाने गरेको पाइएको थियो ।

### ४.२.२ अभिभावकको शिक्षा प्रतिको धारणा

बालबालिकाको शैक्षिक अवस्थाको जिम्मेवार बढी आमा बाबु हुने हुनाले हामीले मनहरी गा.वि.स.को चेपाङ्ग जातिहरूको वस्तीबाट अध्ययनमा समावेश गरिएका विद्यालय टाढाको दुरीमा नभएपनि अभिभावकहरू कम मात्रामा साक्षर हुनु अत्यन्तै निराशाजनक स्थिति हो । मनहरी गा.वि.स.मा समय समयमा अनौपचारिक शिक्षा सञ्चालन गरिएता पनि चेपाङ्ग जातिका

अभिभावक जम्मा १ जना मात्र प्रौढ शिक्षाबाट साक्षर छन् । त्यसैले अनौपचारिक शिक्षा पनि यो समुदायमा प्रभावहिन देखिएको छ । यिनीहरू सबैमा छोराछोरीलाई पढाउन पर्दछ भन्न धारणाको अझै विकास हुन सकेको छैन । विद्यार्थीको लागि आवश्यक शैक्षिक सामग्री पनि समयमै उपलब्ध नगराइदिने भएकोले बालबालिकाहरू विद्यालयमा नियमित रूपले उपस्थित हुन नसकेको अध्ययनको क्रममा थाहा भयो । छोरा छोरी बीचमा त्यति भेदभाव नदेखिएतापनि सानै उमेरमा विवाह गरिदिने हुनाले अध्ययन पुरा नगरी बीचैमा विद्यालय छाड्ने गरेको कुरा पनि अध्ययनबाट थाहा भयो । अध्ययनको क्रममा शिक्षा प्रतिको धारणा बुझ्न अनुसूची २ अनुसार विद्यालयलाई कत्तिको सहयोग गर्नुहुन्छ भनि सोधिएको जवाफमा निम्न अनुसारका उत्तरहरू प्राप्त भयो ।

**तालिका ९ अभिभावकको विद्यालयलाई सहयोग**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | गर्छु | ११ | २२ | |
| २. | कहिलेकाही गर्छु | ३५ | ७० | |
| ३. | गर्दिन | ४ | ८ | |
| | जम्मा | ५० | १०० | |

स्रोत स्थलगत सर्भेक्षण - २०६७

माथि तालिका अनुसार आफ्ना बालबालिका पढाउने विद्यालयलाई खुलेरै सहयोग गर्दछु भन्ने २२.० प्रतिशत मात्र अभिभावक रहेको पाइयो भने कहिले काही गर्छु भन्ने उत्तर दिने अभिभावकको संख्याा अत्यधिक ७०.० प्रतिशत रह्यो । शिक्षाको वर्तमान परिप्रेक्ष्यमा समेत खुलेरै विद्यालयलाई कुनैपनि सहयोग गर्दिन भन्ने अभिभावक ८.० प्रतिशत रहेको पाइयो ।

माथिको सर्भेक्षणबाट प्राप्त तथ्यबाट चेपाङ्ग अभिभावकहरू आफ्ना बच्चाहरूको शिक्षा प्रति सकारात्मक हुन सकेको देखिदैन । त्यस्तै धारणा राख्ने चेपाङ्ग समुदायका केही अगुवाहरूले प्रधानमन्त्री समक्ष पनि शिक्षा हैन गाँस र बाँसको माग गरेका थिए । त्यसैले चेपाङ्ग अभिभावकहरूले अझै शिक्षाको महत्व बुझ्न नसकेको प्रष्ट हुन्छ ।

छनौटका १५ जना विद्यार्थीसँग अभिभावकले समयमा भर्ना गरिदिनु हुन्छ ? भनी सोधिएको प्रश्नको जवाफ निम्न अनुसारको रहेको थियो ।

**तालिका १०　　　　अभिभावकले आफ्ना विद्यार्थी विद्यालयमा भर्ना गर्ने कारण**

| क.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | समयमै भर्ना गर्ने | ६ | ४०.० | |
| २. | केही ढिलो गरी भर्ना गर्ने | ७ | ४६.७ | |
| ३. | अति ढिलो गर्ने | २ | १३.३ | |
| | जम्मा | १५ | १०० | |

स्रोत स्थलगत सर्भेक्षण (२०६७)

यस तालिका अध्ययन गर्दा समयमै भर्ना गर्ने ४०.७ प्रतिशत केही ढिलो गर्ने ४६.७ प्रतिशत रहेको छ । अति ढिलो गर्नेमा १३.३ प्रतिशत रहेको देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा अभिभावकहरू बालबालिकाको पढाइ प्रति जिम्मेवार तथा सचेत रहेका छैनन भन्ने थाहा हुन्छ । उनीहरू आफ्नो बालबालिकाले भन्दा घरको कामकाजमा बढी ध्यान दिउन भन्ने चाहन्छन् ।

### ४.२.३ चेपा▪ बच्चाहरू प्रतिको अपेक्षा

वास्तवमा प्रारम्भमा चेपाङ्गहरू शिक्षाप्रति अनभिज्ञ थिए र बाल्यकालदेखि नै बालबालिकाहरूलाई आर्थिक क्रियाकलापमा सहभागी गराउन उपयुक्त ठान्थे । तर आजकल शिक्षा प्रतिको उनीहरूको जागरूकता यथावतै भएपनि अन्यजातिको सम्पर्क, प्रजा विकास कार्यक्रम सामुदायिक शिक्षा कार्यक्रम, गैह्र सरकारी संस्थाहरूको सहयोगबाट केही हद मात्रामा केटा केटीलाई विद्यालय पठाउन पर्दछ भन्ने चेतनाको विकास भएको पाइन्छ । तर उक्त सोचाई सैद्धान्तिक रूपमा बढी र व्यवहारिक रूपमा भने लागु भएको देखिदैन । तपाईहरू आफ्नो बालबालिकाहरूलाई कति कक्षासम्म पढाउन चाहनुहुन्छ भनि प्रश्न गर्दा उनीहरूबाट प्राप्त आकांक्षा यस्तो रह्यो ।

**तालिका ११ चेपाङ बालबालिका प्रति अभिभावकहरूको अपेक्षा**

| क्र.सं. | शैक्षिक तह | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | नपढाउने | ७ | १४ | |
| २. | साक्षर बनाउने | ९ | १८ | |
| ३. | प्राथमिक तहसम्म पढाउने | १३ | २६ | |
| ४. | मा.वि.तहसम्म पढाउने | १० | २० | |
| ५. | सो भन्दा माथि | ११ | २२ | |
| | जम्मा | ५० | १०० | |

स्रोत स्थलगत अध्ययन (२०६७)

प्रश्न सोधिएका ५० अभिभावकमध्ये १४ प्रतिशत ले छोराछोरी विद्यालय नपठाउने १८ प्रतिशत ले साक्षर बनाउने २६ प्रतिशत ले प्रा.वि.तहसम्म पढाउने बताए भने मा.वि. र सो भन्दा माथिसम्म पढाउन चाहने क्रमसः २० र २२ प्रतिशत रहे । यसबाट बालबालिकाहरूलाई विद्यालय पढाउने आकांक्षामा वृद्धि भएको पाइन्छ ।

### ४.३ चेपाङ बालबालिकाले विद्यालय बीचमा छाड्नुको अवस्था र वास्तविक कारणहरू

चेपाङ्ग बालबालिकाले बीचैमा विद्यालय छाड्नुका अवस्था र वास्तविक कारणहरू बुझ्न गरिएका सर्वेक्षणहरूबाट प्राप्त नतिजाहरूको आधारमा भन्न सकिने हुनाले उनीहरूको विद्यालय छाड्ने संख्या पत्ता लगाई त्यसको कारणहरू खोज्नु पर्ने हुन्छ यस अध्ययनलाई पुरा गर्न छनौट गरिएका ५० घर, विद्यालयहरू, विद्यार्थी, शिक्षक आदि रहेका छन् । विद्यार्थीहरू विद्यालय भर्ना भइसकेपछि पाठ्यक्रमले निर्धारण गरे अनुसारको सिकाइ उपलब्धी पनि हासिल गर्न सक्षम हुनु पर्दछ । विद्यालय भर्ना हुनु र बीचैमा कक्षा नछोड्नु मात्र शिक्षा प्राप्त गर्नु होइन । सिकाइ उपलब्धी राम्रो भएमा मात्र शैक्षिक गुणस्तर उकास्न सकिन्छ । अन्य समुदाय र चेपाङ्ग समुदायका बालबालिकाको शैक्षिक उपलब्धीको अवस्था अध्ययन गर्दा तुलनात्मक रूपमा न्यून रहेको देखिन्छ ।

कुनै एउटा जाति जनजाति मात्र भन्दा पनि नेपालमा रहेका सबै सरकारी विद्यालयहरूको विद्यार्थीले कक्षा छोड्ने दरको अध्ययन गर्ने हो भने डरलाग्दो तथ्याङ्क देखापर्दछ । सरकारी विद्यालयहरूमा अध्ययन गर्ने ७५ प्रतिशत विद्यार्थीहरू कक्षा छोड्ने गर्दछन् ।

यसरी चेपाङ्ग समुदायको बालबालिकाको शैक्षिक उपलब्धी अन्य जातिको तुलनामा न्यून हुनुमा मानव सम्बन्ध सिद्धान्तको प्रयोग कम भएको पाउन सकिन्छ ।

### ४.३.१ चेपा▪ जातिको विद्यालय जाने विद्यार्थीको विवरण

यस अध्ययनमा गरिएको स्थलगत सर्भेक्षण अनुसार चेपाङ्ग समुदायका विद्यालय उमेर समूहका विद्यार्थीहरूको संख्या तलको तलिकामा देखाइएको छ ।


**तालिका १२** **चेपा▪ जातीका विद्यालय जाने छात्र र छात्राको विवरण**

| क्र.सं. | शैक्षिक तह | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १. | महेन्द्र किरण उ.मा.वि. | १५ | १४ | २९ |
| २. | राष्ट्रिय रोटरी मा.वि. | १६ | ९ | २५ |
| ३. | राष्ट्रिय मा.वि., सुनाचुरी | २७ | ५ | २२ |
| ४. | प्रगति प्रा.वि., लोथर | १८ | ८ | २४ |
| | जम्मा | ७६ | ३६ | ११२ |

स्रोत जिल्ला शिक्षा कार्यालय, मकवानपुर (२०६७)

उक्त तालिकाबाट यो प्रष्ट हुन्छ कि यस अध्ययन स्थलका विद्यालयहरूमा भर्ना भएका ११२ चेपाङ्ग विद्यार्थी मध्ये छात्र ६७.८ प्रतिशत र छात्रा ३२.२ प्रतिशत मात्र । चेपाङ्गहरूको परम्परागत समाजमा छोरीलाई पनि पढाउनु पर्छ भन्ने धारणामा भावनात्मक परिवर्तन भइनसकेको कारणले महिलाको सहभागिता ३२.२ प्रतिशत रहेको छ । यसलाई चित्रद्वारा पनि प्रस्तुत गरिएको छ :

चित्र नं. ३ **चेपाङ्ग विद्यालय जाने छात्र र छात्राको विवरण**




जिल्ला विकास समिति २०५९ को वुलेटिन अनुसार मकवानपुर जिल्ला भित्र एस.एल.सी. पास गर्ने २० जना भएबाट नै चेपाङ्गहरूको शैक्षिक स्तर प्रष्ट हुन्छ । अध्ययन गरिएका ५ वर्ष भन्दा माथि १४ वर्षसम्मका २११ बच्चाहरू जसमा ९७ जना केटा र ११४ जना केटि थिए । उनीहरू मध्ये ३८.२ प्रतिशत केटा र २९.८ प्रतिशत केटी मात्र स्कुल पठाइएको पाइयो । यसबाट चेपाङ्गहरूमा विद्यार्थी भर्ना प्रतिशत पनि सन्तोषप्रद छैन । भर्ना भएका विद्यार्थीहरू मध्ये पनि गरीबी, विद्यालय टाढा हुनु, चेतनाको कमी जस्ता कारणले गर्दा बीचैमा १३ प्रतिशत विद्यार्थीहरूले गतवर्ष विद्यालय छाडेको पाइयो । विद्यालयमा किन बालबच्चा नपढाएको भनि प्रश्न गर्दा आर्थिक अवस्था कमजोर भएको, घरको काम धेरै भएको, पढेर के पो हुन्छ र ? भर्ना गरे पनि बच्चा पढ्न जाँदैनन् भन्ने किसिमको उनीहरूको भनाई रहेको पाइयो । प्रजा विकास कार्यक्रम अन्तर्गत छात्रवृत्ति निःशुल्क पाठ्यपुस्तक वितरण, पोशाक वितरण, कपी कलम वितरण भएता पनि त्यसको खासै उपलब्धी देखिएन । तर पनि समुदायमा विद्यालयहरूको सञ्चालन पछि भने बालबालिकाहरू स्कुलमा जान मन गर्ने गरेको पाइयो ।

### ४.३.२ चेपा▪ बालबालिकाको बीचैमा छाड्ने अवस्थाको अध्ययन ।

चेपाङ्ग बालबालिकाका बीचैमा विद्यालय छाड्नेको अवस्था पत्ता लगाउन सर्वप्रथम चेपाङ्ग समुदायको अध्ययनबाट कति संख्याले विद्यालय छाडेका छन्, कति अध्ययनरत छन् भने तथ्य जान्नु जरूरी छ । विद्यालय छाड्ने संख्या थाहा पाउनको लागि चेपाङ्ग समुदायको १४७ घर मध्ये ५० भर छनौट गरी जम्मा ११२ विद्यार्थीको अध्ययन गरिएको छ ।

**तालिका १३ विद्यालय छाड्ने चेपा▪ जातिको अवस्था**

| क.सं. | शैक्षिक तह | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | १ देखि ५ कक्षा | २१ | १८.७५ | |
| २. | ६ देखि ८ कक्षा | १२ | १०.७ | |
| ३. | ९ देखि १० कक्षा | ३ | २.६ | |
| ४. | एस.एल.सी. | २ | १.८ | |
| ५. | उच्च शिक्षा | ३६ | ३२.१ | |
| ६. | निरक्षर | ४८ | ४२.८ | |
| | जम्मा | ११२ | १०० | |

स्रोत स्थलगत अध्ययन (२०६७)

माथिको तालिका अध्ययन गर्दा यसको छनौटको संख्यामा प्रा.वि.तहमा पढाइ छाड्ने १८.७५ प्रतिशत नि.मा.वि.तहमा पढाई १०.७ प्रतिशत मा.वि.तहमा पढाई छाड्ने २.६ प्रतिशत र अन्य १.८ प्रतिशत ले विद्यालय छाडेका छन् अध्ययनरत विद्यार्थी ३२.१ प्रतिशत हो । यसबाट अध्ययनरत विद्यार्थी पढाइ छाड्नेको संख्या बढी देखिन्छ । अध्ययनरत विद्यार्थी ३२.१ प्रतिशत हो । यसबाट अध्ययनरत विद्यार्थी भन्दा पढाइ छाड्नेको संख्या बढी देखिन्छ ।

### ४.३.३ विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित र बीचैमा छाड्ने विद्यार्थीको अवस्था अध्ययन

छनौट गरिएका तीनवटा विद्यालयहरूमा महेन्द्र किरण उच्च मा.वि.मनहरी, राष्ट्रिय रोटरी मा.वि. मनहरी, राष्ट्रिय मा.वि. सुनाचरीका विद्यार्थीहरूको शैक्षिक सत्र २०६४, २०६५ र २०६६ को चेपाङ्ग विद्यार्थीहरूको शुरू भर्ना, परीक्षामा सम्मिलित हुने र कक्षा छाड्ने विद्यार्थीको अध्ययन गर्न ती विद्यालयहरूको प्रत्येक तोकिएको वर्षको जम्मा चेपाङ्ग विद्यार्थीको भर्ना, परीक्षामा सम्मिलित र कक्षा छाड्ने विवरण निम्नलिखित रहेको छ ।

**तालिका १४** **विद्यालय छाड्ने विद्यार्थी विवरण**

| कक्षा | शैक्षिक सत्र २०६४ | | | शैक्षिक सत्र २०६५ | | | शैक्षिक सत्र २०६६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना | परीक्षा दिने | उत्तीर्ण | भर्ना | परीक्षा दिने | उत्तीर्ण | भर्ना | परीक्षा दिने | उत्तीर्ण |
| 1 | 36 | 24 | 12 | 43 | 33 | 10 | 24 | 21 | 3 |
| 2 | 30 | 24 | 6 | 38 | 25 | 13 | 42 | 33 | 9 |
| 3 | 23 | 22 | 1 | 40 | 29 | 11 | 33 | 21 | 12 |
| 4 | 19 | 17 | 2 | 40 | 32 | 8 | 37 | 29 | 8 |
| 5 | 24 | 23 | 2 | 22 | 21 | 1 | 32 | 25 | 7 |
| 6 | 30 | 25 | 5 | 36 | 33 | 3 | 48 | 35 | 13 |
| 7 | 21 | 18 | 3 | 25 | 22 | 3 | 26 | 21 | 5 |
| 8 | 16 | 15 | 1 | 20 | 17 | 3 | 22 | 21 | 1 |
| 9 | 11 | 10 | 1 | 15 | 14 | 1 | 20 | 16 | 4 |
| 10 | 8 | 8 | 0 | 11 | 11 | 0 | 15 | 13 | 2 |
| hDdf | 218 | 186 | 33 | 290 | 237 | 53 | 299 | 235 | 64 |

स्रोतः विद्यालय अभिलेख (२०६७)

माथिको तालिकाबाट शैक्षिक सत्र २०६४ मा जम्मा २१८ जना विद्यार्थीमा ३३ जनाले विद्यालय छाडेका थिए । जुन प्रतिशतमा १५.१३ हुन आउँछ । २०६५ मा अध्ययन गर्ने जम्मा २९० विद्यार्थीमा ५३ जनाले विद्यालय छाडेका थिए । जुन प्रतिशतमा १८.२७ हो । २०६६ मा भर्ना संख्या २९९ पुगेको थियो । जसमा विद्यालय छाड्ने ६४ जना, अर्थात प्रतिशतमा २०.४० हो ।

विद्यालयबाट प्राप्त तथ्याङ्कहरूको अध्ययनबाट विगतका ३ शैक्षिक सत्र २०६४, २०६५ र २०६६ मा कुल चेपाङ्ग विद्यार्थी ८०७ जना रहेको पाइयो । जसमध्ये ६५७ (८१.४१ प्रतिशत) ले परीक्षा दिएको र १५० (१८.५८ प्रतिशत) ले विद्यालय छाडेका छन् । विद्यालय छाड्ने भर्ना भएको मध्येको १८.५८ प्रतिशत रहेको छ भने उत्तीर्ण भएका, अनुत्तिर्ण भएका विद्यार्थी भर्ना नभई छाड्ने संख्या निकै छ । समुदायका विज्ञहरूसँगको छलफलबाट थाहा भए अनुसार विद्यार्थीहरू मा.वि. तहसम्म पुग्दा संख्या अत्यन्तै कम हुँदै जान्छन् । प्राथमिक तहपछि विस्तारै विद्यालय छाड्ने प्रक्रिया रहेको कुरा स्थलगत भेटघाटबाट र विद्यालयको तथ्याङ्कको अध्ययनबाट थाहा हुन आउँछ । कक्षा १ मा विगत ३ वर्ष मा जम्मा १०३ जना भर्ना भएका छन् भने कक्षा १० मा विगत ३ वर्ष मा ३४ जना भर्ना भएका छन् । यसबाट उनीहरूको विद्यालयको तह बढ्दै जादाँ कक्षा छोड्दै जाने स्थिति प्रष्ट हुन्छ ।

### ४.३.४ चेपा▪ विद्यार्थीको नियमितता

नियमित विद्यार्थीहरूको नतिजा राम्रो हुने र नियमित नहुने विद्यार्थी कमजोर हुँदै जाने र परीक्षामा असफल भई विद्यालय छाड्ने मनस्थितिमा पुग्ने हुन्छ । विद्यालय स्रोत हाजिरी रेकर्ड २०६६ को अभिलेख अध्ययन गर्दा यहाँको छनौट गरिएका ३ वटा विद्यालयहरू सरदर २०७ दिन खुलेको पाइयो । यस अवधिमा विद्यालयको सम्पूर्ण विद्यार्थीको औसत उपस्थिति १८० दिन (

८६.९५ प्रतिशत) रहेकोमा चेपाङ्ग विद्यार्थीको मात्र औसत १६३ दिन (७८.७४ प्रतिशत) रहेको पाइयो । यसबाट पनि तुलनात्मक रूपमा हेर्दा चेपाङ्ग विद्यार्थीको उपस्थिति न्यून देखिन्छ ।

### ४.३.५ चेपा▪ बालबालिकाले विद्यालय छोड्नुको कारणहरू

अध्ययन गर्ने क्रममा छनौटमा परेका ५० घरका अभिभावकसँग विद्यालय छाड्ने चेपाङ्ग बालबालिकासँग प्रश्न सोधिएको थियो उनीहरूबाट प्राप्त उत्तरहरू निम्न अनुसार छन् ।

**तालिका १५ चेपा▪ जातिका विद्यार्थीले विद्यालय छाड्ने कारण**

| क्र.सं. | वास्तविक कारण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | घरायसी कारण | १९ | ३१.७ | |
| २. | आर्थिक कारण | ३० | ५०.० | |
| ३. | सामाजिक कारण | ७ | ११.७ | |
| ४. | अन्य | ४ | ७.६ | |
| | जम्मा | ६० | १०० | |

स्रोत स्थलगत अध्ययन - २०६७

माथिको तालिका अनुसार चेपाङ्ग समुदायका विद्यार्थीहरू विद्यालय छाड्ने प्रमुख कारणमा आर्थिक कारण र घरायसी कामहरू रहेको पाइएको छ । आर्थिक कारणमा खेतीपातीमा सघाउनु पर्ने, गोठालो जानुपर्ने, थियो भने घरायसी काममा भाइबहिनी हेर्नुपर्ने, घरधन्दाहरू गर्नुपर्ने थिए । सामाजिक कारणमा भने चाँडो विवाह हुने, चेतनाको कमी, रूढीवादी परम्परा आदि कारणहरू थिए । त्यस्तै छनौट गरिएका ३ विद्यालयका १५ जना विद्यार्थीसँग गरिएको खुला तथा बन्द प्रश्नावलीमा के भए विद्यालय जान्छौ ? भनी सोधिएको प्रश्नको जवाफमा १० जनाले

आर्थिक सहयोग भनेका थिए भने ५ जनाले घरको काम गर्नुपर्ने बताए । तर अध्ययनको निचोडमा भने चेपाङ्ग बालबालिकाले विद्यालय छाड्नुको प्रमुख कारण आर्थिक नै भएको छर्लङ्ग हुन्छ ।

### ४.३.६ चेपा▪ विद्यार्थीहरूले बीचैमा विद्यालय छाड्ने आर्थिक कारण


शिक्षा भन्दा गाँस र बासलाई महत्व दिने चेपाङ्ग समयदायले आफ्नो न्यूनतम आधारभूत आवश्यकताहरू पनि प्राप्त गर्न नसकेको अवस्थामा बालबालिकाहरूलाई विद्यालय भर्ना गरी पुरै शिक्षा प्रदान गर्ने गरी पढाउन सकेका छैनन् । छनौटमा परेका चेपाङ्ग परिवारमा गरिएको अन्तरवार्ता अनुसार चेपाङ्ग परिवारको आर्थिक उपार्जनका स्रोतहरू यस प्रकार रहेका छन् ।

**तालिका १६ चेपा▪ अभिभावकको आम्दानीका स्रोतहरू**

| क्र.सं. | वास्तविक कारण<br>पेशागत | घरपरिवार<br>संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि | ३७ | ७४ | |
| २. | पशुपालन | ५ | १० | |
| ३. | खाद्य संकलन (जंगली कन्दमूल) | १ | २ | |
| ४. | ज्याला/श्रमिक | २ | ४ | |
| ५. | शिकार गर्ने | १ | २ | |
| ६. | व्यापार | १ | २ | |
| ७. | माछा मार्ने | १ | २ | |
| ८. | सेवा (नोकरी) | १ | ४ | |
| | जम्मा | ५० | १०० | |

स्रोत स्थलगत अध्ययन (२०६७)

**Irq $ चेपाङ्ग अभिभावकको आम्दानीका स्रोतहरु**




यस तालिकाबाट कृषिलाई मुख्य पेशा मान्ने चेपाङ्गहरू ७४ प्रतिशत छन् । १० प्रतिशत पशुपालन कार्यलाई आफ्नो मुख्य पेशा भएको बताउँछन् । खाद्य संकलन गर्ने, शिकार गर्ने, व्यापार गर्ने, मजदुरी गर्ने र माछा मार्ने जस्ता मुख्य पेशा मान्नेहरूको प्रतिशत क्रमशः २, ४, २, २ र २ प्रतिशत मात्र छ भने सेवा गर्नेहरू ४ प्रतिशत रहेका छन् । कुनै एक पेशामात्र जीवन निर्वाहको आधार हुन नसक्दा साथै कृषि र पशुपालन अन्योन्याश्रित पेशा भएको कारणले समेत कृषि पेशा अपनाउनेहरू मध्ये ६२ प्रतिशत ले पशुपालन कार्यलाई सहायक पेशाको रूपमा लिएका छन् । कृषि र पशुपालन गर्नेहरूले समेत यी अन्य पेशाहरू (खाद्य संकलन, मजदुरी, शिकार, माछामार्ने र सेवा)लाई सहायक पेशाको रूपमा अवलम्बन गरेको पाइन्छ ।

अध्ययनको क्रममा थाहा भएअनुसार जङ्गलमै बसी जीवन निर्वाह गर्ने यी जातिहरू वन विनास हुँदा खोलानाला सुक्नु, जङ्गली जनावर नाश हुँदै जानु, सरकारीस्तरबाट वन पैदावरको उपयोग र शिकार खेल्न कानुनी बन्देज लगाइनुबाट परम्परागत पेशामा नकारात्मक प्रभाव परेकोले

दैनिक गुजारा हुन नसकी जीवन निर्वाहको विकल्पको खोजीमा लाग्न थालेर खोरिया फाँडी खेती गर्न लागे । अनुत्पादनशील भिरालो जग्गा हुँदा खेतीबाट पनि निर्वाह हुन सकेन थप विकल्पहरू खोज्दै जाँदा पशुपालन, मजदुरी तथा अन्य पेशातर्फ लाग्न थालेको पाइन्छ ।

### ४.४ चेपाङ बालबालिकाको विद्यालय शिक्षामा सहभागिता बढाउने उपायहरू

जिल्ला विकास समिति २०५९ को वुलेटिन अनुसार मकवानपुर जिल्ला भित्र एस.एल.सी. पास गर्ने २० जना भएबाट नै चेपाङ्गहरूको शैक्षिकस्तर प्रष्ट हुन्छ । अध्ययन गरिएका परिवारका ६ वर्षभन्दा माथि १४ वर्षसम्मका २११ बच्चाहरू मध्ये ९७ जना केटा र ११४ जना केटीहरू छन् । जसमा ३८.२ प्रतिशत केटा र २९.८ प्रतिशत केटीमात्र स्कुल पठाएको पाइयो । चेपाङ्ग विद्यार्थीको भर्ना प्रतिशत पनि सन्तोषप्रद छैन भर्ना भएका मध्ये पनि गरीबी, टाढा स्कुल तथा चेतनको कमीले गर्दा १३ प्रतिशत विद्यार्थीले गतवर्ष बीचैमा विद्यालय छोडेको पाइन्छ ।

अत्यन्तै नाजुक अवस्थामा जीवनयापन गर्ने यी जातिहरू विशेष गरी कृषि र पशुपालन तथा खाद्य संकलन गर्ने पेशामा लागेका पाइन्छन् । न्यूनतम आधारभूत आवश्यकताको पूर्ति हुन नसकेका यी जातिहरू शिक्षाको महत्व पटक्कै बुझ्दैनन् । फलस्वरूप आफ्नो अवस्थालाई टेवा दिने आधारको रूपमा रहेका बालबालिकालाई विद्यालय पठाउनको सट्टा घरको काममा लगाउन चाहन्छन् । त्यसैले विद्यार्थीहरूलाई शिक्षाप्रति सहभागिता बढाउन अभिभावकको आर्थिक अवस्थामा सुधार गर्नु, आयमूलक कार्यमा सहभागी गराउनु तथा रोजगारको व्यवस्था गर्नु, चेपाङ्ग जातिका बालबालिकालाई आर्थिक सहयोग पुऱ्याउने वातावरण मिलाई दिनु, खाद्यान्नको साथै कपडाको पनि व्यवस्था मिलाइदिनु पर्ने सुझावहरू प्राप्त भए । यदि चेपाङ्ग जातिका आर्थिक समस्याको हल भएमा विद्यार्थीलाई शिक्षामा सहभागी गराउन सकिन्छ ।

#### ४.४.१ अनन्तोदय जनजाति आवाशीय बोर्डिङ स्कुलको परिचय

चितवन जिल्लाको खैरहनी गा.वि.स.वडा नं.१ करैयामा पर्ने यस अनन्तोदय जनजाति आवाशीय बोर्डिङ्ग स्कुलको स्थापना २०५७ सालमा भएको हो । यस विद्यालयमा ‘चेपाङ्ग बालबालिका’ मात्र

अध्ययन  गदछन् । यहाँ अध्ययन गर्ने विद्यार्थी चितवन जिल्लाको चेपाङ्ग मात्र छन् । बाहिरका जिल्लाका चेपाङ्ग विद्यार्थीलाई यस विद्यालयमा प्रवेश निषेध गरिएको छ । चार विगाहा जमीनमा रहेको यस विद्यालयमा सिद्धि, लोथर, कोराक, काउले जस्ता स्थानबाट आएका चेपाङ्ग विद्यार्थीहरूलाई आवास सहित निःशुल्क अध्यापन गरिने सुविधा प्रदान गरिएको छ । दिलिप सिंह ढुंगाना नामक चितवनको समाजसेवीले आफ्नै नीजि जग्गामा अल्पसंख्यक चेपाङ्ग जनजातिको लागि शिक्षा प्रदान गर्ने उद्देश्यले यस विद्यालयको स्थापना गरेका थिए । उनको मृत्यु पश्चात् उनकै भाइका छोराले यसको सञ्चालन गरिरहेका छन् ।

C.C.S. नेपाल नामक संस्थाले ६ लाख ५० हजार, जिल्ला विकासले २ लाख, चेपाङ्ग संघले २ लाख आर्थिक सहयोग गरेका छन् २०६६ को शैक्षिक विवरण अनुसार यस विद्यालयमा जम्मा विद्यार्थी संख्या १८० रहेको पाइयो । जसअनुसार छात्रा संख्या ८५ र छात्र संख्या १२० रहको छ । Drop out विद्यार्थी २ जना छन् । यहाँका शिक्षकहरूमध्ये १ जना चेपाङ्ग जातिकै शिक्षक पनि  हुनुहुन्छ । यहाँबाट उत्पादन भएका विद्यार्थी मध्ये एकजनाले स्नातकको अध्ययन गर्दैछन् भने एकजना समाचार वाचक सम्म बनेका छन् । (स्रोतः स्थलगत सर्भेक्षण २०६७)

माथिको अध्ययनलाई यस सोध अध्ययन भित्र राखिनुको तात्पर्य सबैलाई यस विद्यालयको जानकारी गराई अल्पसंख्यक चेपाङ्ग जनजातिको उत्थानको लागि त्यस्तै विद्यालय अन्य जिल्लाहरूमा पनि खोल्नु आवश्यक हुने धारणाको विकास गराउनु मात्र हो । विशेष गरी मनहरी गा.वि.स जहाँ प्रशस्त मात्रामा चेपाङ्ग समुदाय बसोबास गर्दछन् । उक्त क्षेत्रमा यस किसिमका विद्यालय स्थापना गर्नु अत्यन्तै आवश्यक भएको कुरालाई भने नकार्न सकिदैन ।

### ४.४.२ प्रधानाध्यापक तथा शिक्षकहरूबाट प्राप्त सुझावहरु

चेपाङ्ग बालबालिकाहरू विद्यालय भर्ना नहुने, विद्यालय नियमित नआउने, कक्षा छोड्ने, भर्ना भएपनि आउन इच्छा नदेखाउने, शैक्षिक सामग्री खरिद नगर्ने र उपस्थित भएपनि घरायसी काम देखाउँदै विदा माग्ने तथा भाग्ने गरेको कुरा प्रधानाध्यापक तथा शिक्षकहरूले बताउनु

भयो । चेपाङ्ग अभिभावकको कमजोर आर्थिक अवस्थाका कारण नै उनीहरू बालबालिकालाई विद्यालय पठाउन चाहदैनन् । घरमा भाइ बहिनी हेर्ने खेतीपातीमा सघाउने, गोठालो जाने जस्ता काममा उनीहरूलाई प्रयोग गरिन्छ । कतिपय ठाउँमा त स्कुल टाढा भएको कारण चेपाङ्ग विद्यार्थी भर्ना हुन नसकेका कारण प्रधानाध्यापक तथा शिक्षकज्यूहरूले बताउनु भयो । साथै कतिपय अभिभावकहरू त बालबालिकालाई पढाएर उनीहरूमा परिवर्तन आउँछ भन्ने कुरामा विश्वास नगर्ने तथा पढाउनु र नपढाउनुमा कुनै भिन्नता छैन भन्ने सोचाइ राख्ने पनि उहाँहरूले बताउनु भयो । विद्यालय अतिरिक्त क्रियाकलापका पर्याप्त सामग्री जसबाट विद्यार्थीलाई आकर्षित गर्न सकिन्छ, पर्याप्त नभएको कारण पनि विद्यार्थीलाई पढाइमा अभिरूची नभएको शिक्षक शिक्षिकाले बताउनु भयो । साथै भाषगत कठीनाइ पनि रहेको कुरा थाहा भयो । यसको लागि चेपाङ्ग शिक्षक शिक्षिका आवश्यक हुनुपर्ने तथा मातृभाषमा शिक्षा प्रदान गरिनुपर्ने बताउनु भयो । चेपाङ्ग बालबालिकाहरूको शिक्षाप्रतिको सहभागिता र विस्तारै विद्यालय छाड्न बाध्य हुने आर्थिक कारण हल गर्न चेपाङ्ग अभिभावकहरूको दक्षता, योग्यता अनुसारको रोजगारीको व्यवस्था गर्नु हो । उनीहरूमा चेतनामूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, विद्यार्थीहरूलाई उचित छात्रवृत्ति प्रदान गर्नुपर्ने, विद्यालयमा पर्याप्त शैक्षिक सामग्री र अतिरिक्त क्रियाकलापका सामग्रीको व्यवस्था गरिदिनु पर्ने जस्ता सुझावहरू आएकोले सो सुझावलाई ध्यान दिइ सोही अनुरूप कार्य गरेका चेपाङ्ग विद्यार्थीहरूको शिक्षाप्रतिको सहभागितामा बृद्धि गर्न सकिन्छ ।

### ४.४.३ विद्यार्थीबाट प्राप्त सुझाव

अध्ययनकै क्रममा चेपाङ्ग जातिको बालबालिकाको शैक्षिक अवस्थाको बारेमा यस सम्बन्धी सरोकार राख्ने तथा सम्बन्धित सबै पक्षहरूसँग गरिएको अन्तरवार्तासँगै चेपाङ्ग विद्यार्थीहरूसँग पनि उनीहरूको विचारको अध्ययन गरिएको थियो ।यसमा उनीहरूले घरका बाबुआमाले विद्यालय पठाउन नचाहेको, घरको काम गर्नुपरेको साथै केहीले पढ्न मन नलाग्ने कुरा पनि बताए । साथै छलफलको क्रममा चेपाङ्ग विद्यार्थीहरूले परिवारको आर्थिक समस्या हल गर्नुपर्ने, परिवारबाट सहि मार्ग निर्देशनको अभाव रहने भएकाले अभिभावकहरूमा चेतनामूलक कार्यक्रम

चलाउनु पर्ने, विद्यालयमा बेलैमा भर्ना गर्नु पर्ने, कापी, कलम, किनीदिनुपर्ने घरमा कामको सट्टा पढ्ने व्यवस्था मिलाइदिनुपर्ने कुराहरू बताए । ३ वटा विद्यालयको ४ जनाको दरले १२ जनामा गरिएको सर्भेक्षणमा ६ जनाले पढ्न मन लाग्ने तर घरको काम गर्नुपर्ने भएकोले पढ्न नपाउने बताए । अभिभावकलाई राम्रो रोजगार प्रदान गरी चेतनाको विकास गर्ने तथा गरीबी हटाउने कार्य भएमा आफ्नो पढाइलाई सहयोग पुग्ने र शिक्षामा बढी सहभागी हुन सक्ने कुरा विद्यार्थीहरूले बताए ।

आफ्ना भाषामा पाठ्यपुस्तक भए तथा आफ्नै भाषामा पढ्न पाउँछ । सजिलो हुने कुरा विद्यार्थीहरूले बताए । चेपाङ्ग जातिका विद्यार्थीहरूलाई सहानुभूति माया र ममताको व्यवहार गर्नुपर्ने सुझावहरू विद्यालयका शिक्षकहरूबाट प्राप्त भएको थियो । यसरी विद्यार्थीका सुझावहरू प्रति सम्बन्धित पक्ष सकारात्मक रहे चेपाङ्ग समुदायका विद्यार्थीको विद्यालयमा नियमितता बढ्ने र उनीहरूको सहभागितामा वृद्धि हुने निश्चित छ ।

यसरी चेपाङ्ग जातिका बालबालिकाहरूको विद्यालय शिक्षाप्रति सहभागी बढाउन मानव सम्बन्धको सिद्धान्त अनुरूप मनवल पाउनुपर्ने सम्पूर्ण अधिकार प्रदान गर्नु तथा उक्त जाति प्रति मानव व्यवहार गरिनु पर्दछ । मानव सरहको व्यवहारबाट मात्र भेदभाव हटाउन सकिन्छ । जसबाट अल्पसंख्यक जनजाति पनि अरू नागरिक सरह शिक्षित र विकसित बन्न सक्दछन् । मास्लोले सन् १९४३ मा प्रतिपादन गरेको सिद्धान्त अनुसार मानिस आवश्यकताको श्रृखलाबाट अभिप्ररित हुने र जबसम्म प्रारम्भिक आवश्यकता पुरा हुँदैन अतिरिक्त आवश्यकतामा जान नसकिने हुनाले चेपाङ्ग जातिको बालबालिकाको शैक्षिक अवस्था सुधार गर्नको लागि उनीहरूको गरिबी हटाउने प्रयासमा सर्वप्रथम न्यूनतम आधाभूत आवश्यकता पुरा गरिनु जरूरी हुन्छ । राज्यले पनि शिक्षा प्रति स्पष्ट नीति निर्माण गर्नुपर्दछ । हाल शिक्षामा १६ प्रतिशत मात्र लगानी गरिएको छ जुन पर्याप्त नभएकोले कम्तिमा २० प्रतिशत लगानी बढाउनु आवश्यक हुन्छ । अहिलेसम्म जति लगानी गरिएको छ त्यसको पनि सदुपयोग भएको छैन । समूहको बच्चा पढ्ने सामुदायिक विद्यालय स्तरिय छैन । स्रोत र नीति विद्यालयसम्म पुऱ्याउन सकिएको छैन । राजनीतिज्ञहरू पनि यसतर्फ ध्यान दिदैनन.। राजनीतिक माहौल शिक्षा प्रति सचेत देखिदैन । यो

प्रयास राजनीतिज्ञहरूले गर्ने र त्यसको आधारमा राज्यले निति निर्माण गर्नु पर्ने हो तर राजनितिक दलहरूले कहिल्यै शिक्षामाथी बहस गर्दैनन् । उनीहरूले देशको शिक्षा नीति यस्तो हुनुपर्दछ भनेर पहिल्याइ दिनु पर्दछ । देश भित्रको ३२ हजार विद्यालयहरू आज दिशाविहिन छन् । यस्तो अवस्थामा अल्पसंख्यक जातिलाई देशको शिक्षा भित्र समावेश गरिने प्रयास निकैनै जटिल देखिन्छ । तर पनि कोशिस गरेमा असम्भव केही छैन । नीति निर्माणकर्ताले नीतिलाई समुदाय र विद्यालय तहमा अनुवाद गर्न सक्नु पर्दछ । नीति तल्लो तहमा पुऱ्याउन राजनीतिज्ञहरू पनि जिम्मेवार हुनुपर्दछ ।

# परिच्छेद पाँच :

# प्राप्ति, निष्कर्ष र सुझाव

यो परिच्छेद अध्ययनको अन्तिम परिच्छेद हो । यस परिच्छेदमा अध्ययनको कार्यको प्राप्ति, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ । यहाँ प्रस्तुत गरिएको प्राप्ति निष्कर्ष र सुझावहरू मनहरी गा.वि.स.को चेपाङ्ग समुदायका अभिभावकहरू, शिक्षाप्रेमीहरू शिक्षक, विद्यार्थीहरूको विचार तथा विद्यालयहरूमा भइरहेको वर्तमान अवस्थाको अध्ययन र स्थलगत अध्ययनको आधारमा तयार पारिएको हो । अध्ययनको क्रममा प्राप्त तथ्यको आधारमा सुझावहरू उल्लेख गरिएको छ ।

## ५.१ प्राप्ति

अझै पनि परम्परागत संस्कृतिमा हुर्किएका मनहरी गा.वि.स.का विभिन्न ठाउँमा छरिएर रहेका चेपाङ्ग जातिका अध्ययनको क्रममा पाइएका तथ्याङ्कको विश्लेषण सरोकारवालाको प्रयत्न भेटघाट, प्रश्नावली अन्तरवार्ताको विश्लेषणको आधारमा अध्ययन गर्दा निम्न प्राप्तिहरू हासिल गरियो ।

क) चेपाङ्ग नेपालका जनजातिहरू मध्ये अत्यन्तै पिछडिएको र दयनीय आर्थिक अवस्थामा रहेको अल्पसंख्यक जाति हो । अझैसम्म पनि यदाकदा प्रारम्भिक अवस्थाकै रूपमा समेत देखिने यस जातिको बसोबास क्षेत्र, नेपालको गोरखा, धादिङ्ग, मकवानपुर, चितवन जिल्लाका महाभारत पर्वत श्रृंखलाका कछार, नदीनालाका किनारमा रहेका छन् भने अध्ययन क्षेत्र मनहरी गा.वि.स.हो ।

ख) चेपाङ्ग जाति शैक्षिक, आर्थिक र सामाजिक रूपले अन्य जातिभन्दा पिछडिएको जाति रहेछ । यस जातिका विद्यार्थीहरूको शैक्षिक अवस्था अध्ययन गर्दा भर्ना कम र विद्यालय छाड्ने प्रवृत्ति बढी देखिएको छ । ५-६ कक्षासम्म अध्ययन गर्ने त्यसपछि पढाइ छोड्ने प्रवृत्ति र बाबुआमालाई घरायसी काममा सहयोग गर्ने संख्या बढी

देखिन्छ । ५-६ कक्षा पछि विद्यार्थी घट्दै जाँदा माथिल्लो कक्षामा चेपाङ्ग विद्यार्थी कम हुँदै जाने र उच्च तहमा पुग्दा संख्या नगण्य हुने देखिएको छ । विद्यालय उमेरका बालबालिकाहरू पनि विद्यालय नजाने गरेको पाइयो ।

ग) चेतनाको अभाव र आर्थिक रूपबाट विपन्न तथा साथै साह्रै नै सोझा र सरल स्वभाव यो वर्गले आय आर्जनका लागि माछा मार्ने, शिकार गर्ने, कृषि, पशुपालन व्यवसाय गर्ने, जंगली कन्दमूल वटुल्ने, ज्यालादारी गर्ने कामलाई पेशाको रूपमा अवलम्बन गरेको पाइन्छ । आफ्नो आवश्यकता पुरा गर्न समेत कठीन भएको यी जातिहरूले शिक्षामा लगानी गर्न नसक्नाका कारण शिक्षामा पछि परेको र बालबालिकाको पढाइ प्रति सजग हुन नसकेको कुरा तथ्यहरूबाट पत्ता लागेको छ ।

घ) चेपाङ्ग जातिका अभिभावकहरूले आफ्ना विद्यार्थीहरूलाई समयमै भर्ना नगरिदिने, आवश्यक सामग्रीहरू पुस्तक, कापी, कलम, पोशाक खरिद नगरिदिने, घरायसी वातावरणलाई शान्त र पठन पाठन योग्य नबनाउने र सानैमा विवाह गरिदिने हुनाले उनीहरू शिक्षा प्रति अझै सकारात्मक हुन सकेको देखिदैन ।

ङ) विद्यार्थीहरूको विद्यालयको तथ्याङ्कको विश्लेषणबाट चेपाङ्ग समुदायका विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने प्रवृत्ति अन्य जातिका विद्यार्थीको तुलनामा उच्च रहेकोले माध्यामिक तथा उच्च तह पुरा गर्ने चेपाङ्गको संख्या नगण्य नै भेटियो तर हाल आएर विभिन्न संघ संस्थाको सहयोगमा अभिभावकहरूले आफ्ना बालबालिकालाई विद्यालय भर्ना गरेको पाइयो ।

च) आर्थिक अभावले गर्दा बालबालिकाहरू विद्यालय भर्ना भएर पनि नियमित विद्यालय नगई घरायसी काम, ज्याला, मजदुरी गर्न बाध्य छन् त्यसकारण शैक्षिक उपलब्धी तुलनात्मक रूपमा न्यून देखियो ।

ठ) चेपाङ्ग जातिका शिक्षा प्रति सहभागिता कम देखिन्छ । यसजिल्लाका साक्षरता ६३.२ प्रतिशत छ भने चेपाङ्ग जातिका २० प्रतिशत साक्षरता पाइएबाट यस जातिको कम सहभागिता प्रष्ट हुन्छ । त्यसैले यस जातिलाई शिक्षामा बढी भन्दा बढी सहभागी गराउन उनीहरूलाई मानव सम्बन्ध सिद्धान्त अनुसार व्यवहार गरी आवश्यकताहरू पुरा गर्न जरूरी छ ।

ड) अभिभावक स्वयं शिक्षित नभई बालबालिका शिक्षित हुने सम्भावना ज्यादै न्यून अध्ययन क्षेत्रको चेपाङ्ग समुदायमा साक्षर अभिभावक जम्मा १५.८ प्रतिशत (न्यून लेखपढ गर्न जान्ने) पाइयो भने ८४.२ प्रतिशत अझै निरक्षर नै रहेको पाइयो । जसको मुख्य कारण आर्थिक अभाव रूढीवाढी संस्कार आदि नै प्रमुख रहेको देखियो ।

यस अध्ययनका क्रममा चेपाङ्ग समुदायको बालबालिकाहरू शिक्षा प्रति सचेत नहुनुको कारण आर्थिक अवस्था कमजोर, अभिभावकको शैक्षिक चेतनाको कमी, छिटो विवाह गर्ने परम्परा, भाषागत समस्या, समान व्यवहारको अभाव जस्ता कुराहरू प्रमुख रूपमा जिम्मेबार रहेका छन् । त्यसकारण यस्ता कुराहरूमा समयमा नै सचेत भइ सरकार तथा स्थानीय निकायले त्यस्ता समुदायलाई लक्षित गरी कार्यक्रमको निर्माण, विकास तथा कार्यान्वयनमा ध्यान दिनु पर्ने जरूरी देखिन्छ । अभिभावकले चेतनामूलक तथा आयमूलक कार्यमा लगाउने, योग्यता, क्षमताका आधारमा रोजगार दिने, विद्यार्थीलाई विद्यालयमा मायालु व्यवहार गर्ने उपयुक्त छात्रवृत्ति प्रदान गर्ने, भाषाको समस्या हल गर्ने जस्ता कार्यले विद्यार्थीको भर्ना दर बढाउन र विद्यार्थीलाई नियमित बनाई बीचैमा छाड्ने संख्यालाई न्यूनीकरण गर्न सकिन्छ ।

## ५.२ निष्कर्ष

यस अध्ययनबाट हामी यो निचोड निकाल्न सक्दछौं । कि चेपाङ्ग नेपालका अर्ध घुमन्ते जीवन व्यतित गर्दै । आएका अत्यन्तै पिछडिएका र दयनिय आर्थिक अवस्था भएका अल्पसंख्यक, सिमान्तकृत आदिवासी जाति हुन । आफुलाई भगवान रामको सन्तान हो भन्ने चेपाङ्गहरूको उत्पत्ति ढुङ्गाको चेप र पहाडको टाकुरामा भएको भनिएतापनि अझैपनि मतैक्य हुन सकेको छैन । तर पनि मनहरीका चेपाङ्गहरू आफ्ना पुर्खाहरू राक्सीराङ र कांकडाबाट आएको बताउँछन् खाद्य संग्रही, शिकार खेल्ने र माछा मार्ने आफ्ना पुर्ख्यौली पेशालाई क्रमशः कम गर्दै कृषि पेशातिर लागेका यी चेपाङ्गहरूमा कृषिबाट मात्र आफ्नो भविष्य सुनिश्चित नदेखिएपछि

ज्यालादारी, मजदुरी र स-साना कुटीर व्यवसाय गर्न बाध्य भएका पाइन्छन् । उनीहरूको परम्परागत वस्तु विनिमय प्रथा अहिले नगद अर्थतन्त्रमा परिवर्तन भएको समेत पाइन्छ ।

नेपालको कुल जनसंख्याको ०.२३ प्रतिशत मात्र रहेको र मकवानपुर जिल्लाको कुल संख्याको ४ प्रतिशत रहेको चेपाङ्ग जाति मनहरी गा.वि.स.को कुल जनसंख्याको ७.७ प्रतिशत रहेको कुरा गा.वि.स.प्रोफाइलबाट थाहा हुन्छ । अल्पसंख्यक रहेका चेपाङ्ग जातिहरूको वाहुल्यता रहेको मनहरी गा.वि.स.को वडा नं.२ लाई अध्ययन स्थलको रूपमा छनौट गरिएको थियो । महेन्द्र राजमार्गमा पर्ने मनहरी र लोथर खोला नजिकको यस क्षेत्रमा बस्ने ५० घरपरिवार छनौट गरी अध्ययनलाई अघि बढाइएको छ । यी अध्ययन अनुसार चेपाङ्ग जातिको शैक्षिक अवस्था अध्ययन गर्दा अति नै कमजोर देखिन्छ । अध्ययन अनुसार चेपाङ्ग बालबालिकाहरू स्थानीय विद्यालयमा भर्ना भएका तर नियमित नहुने, कक्षा दोहोऱ्याउने, ४/५ कक्षामा पुगेपछि पढाइलाई छोड्ने, सानो उमेरमा नै विवाह गर्ने र ज्याला मजदुरीमा हिड्ने, घरायसी काममा संलग्न हुने गरेको पाइयो । साना कक्षामा पढ्ने विद्यार्थीहरू पनि कक्षा बढ्दै जाँदा विद्यार्थी घट्दै जाने फलस्वरूप मा.वि.तहमा पुग्दा यो संख्या न्यून हुने गरेको देखिन्छ । हालसम्म एस.एल.सी.पास गर्ने ३ जना र उच्च शिक्षा हासिल गर्ने कोही पनि भेटिएन । पढ्न जाने विद्यार्थीको पनि घरायसी वातावरण राम्रो नभएको र पारिवारिक कारण शैक्षिक उपलब्धी न्यून रहेको भेटियो ।

समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रका विद्यालय उमेरका सबै चेपाङ्ग बालबालिका शैक्षिक सत्रको शुरूमा विद्यालयम भर्ना हुने गरेको तर विभिन्न आर्थिक, सामाजिक, पारिवारिक कारणले गर्दा विद्यालय नियमित नहुने, उपस्थिति नहुन, अनुत्तिर्ण हुने, पढाइस्तर न्यून हुने जस्ता समस्याले बीचैमा विद्यालय छाड्ने प्रवृत्ति उच्च रहेको अध्ययनको क्रममा प्राप्त भयो । यस्तो अवस्था हटाउन सरकारी निकाय र गैह्र सरकार्ी संकायहरूले चेपाङ्ग समुदायबाट निर्भरता कायम गर्न शिक्षालाई उपेक्षा गर्ने सोचलाई हटाउने यसको लागि अभिभावलाई अनौपचारिक शिक्षा प्रदान गर्ने, त्यस्तै आयमूलक तथा रोजगार प्रवर्द्धन गर्ने जस्ता कार्यक्रम ल्याउन अति जरूरी देखिन्छ । अभिभावकहरूममा आय आर्जन वृद्धि गरी आफ्नो बालबालिका प्रति उत्तरदायित्व वहन गर्नुपर्ने

चेतनाको अभिवृद्धि गर्न सकेमा चेपाङ्ग जातिको बालबालिकाको शैक्षिक अवस्था सुधन गई सम्पूर्ण चेपाङ्ग जातिको उत्थान गर्न सकिने विश्वास गर्न सकिन्छ ।

## ५.३ सुझावहरू

शिक्षा विना कुनैपनि समाजको सामाजिक, आर्थिक, राजनीतिक एवं सांस्कृतिक विकास सम्भव हुँदैन । शिक्षाकै माध्यमबाट मानिसले आफ्नो वुद्धि, विवेक, सोचाइ तथा जीवनस्तरमा व्यापक परिवर्तन ल्याई आफ्नो क्षमताको अभिवृद्धि गर्न सक्दछ । मुलुकको चौतर्फी विकासकै लागि पनि शिक्षा प्रमुख माध्यमको रूपमा रहेको छ । सक्षम, उत्पादनशील, अनुशासित तथा सामाजिक दायित्व प्रति जिम्मेवार नागरिक उत्पादन गर्न सबैको पहुँचभित्र आउने प्रकारको गुणात्मक शिक्षाको विकास आजको आवश्यकता हो ।

चेपाङ्ग जाति पनि यसै समाजका नागरिक भएका हुनाले उनीहरूलाई पनि अन्य नागरिक सरह शिक्षाको पहुँचभित्र ल्याई सक्षम तथा उत्पादनशील बनाई राष्ट्रको जिम्मेबार नागरिक बनाउने पर्ने कुरामा दुइमत हुन सक्दैन । यसै क्रममा भएको चेपाङ्ग बालबालिकाहरूको शैक्षिक अवस्थाको अध्ययनबाट प्राप्त तथ्यहरूको विश्लेषण र नतिजाको अध्ययन गर्दा न्यून शैक्षिक उपलब्धी रहेको कुरा प्रष्ट हुन्छ । उनीहरूको भर्नादर र उत्तीर्ण दर न्यून रहेको देखिन्छ भने विद्यालय छोड्ने प्रवृत्ति भने अति नै उच्च देखिन्छ । समग्रं देशकै सरकारी विद्यालयहरूमा देखापर्ने यो अति नै खराब प्रवृत्ति हो । नेपालका सरकारी विद्यालयहरूमा ७५ प्रतिशत विद्यार्थीहरू कक्षा छोड्ने छन् । सरकारी विद्यालयहरूमा स्तरहिन तथा भौतिक पूर्वाधारको कमी, दरबन्दीका अभाव आदिले गर्दा यस्तो अवस्थ देखिएको छ भने अर्कोतिर समाजका गरिब वर्गहरू जो बालबालिकालाई अर्थ उपार्जन तिरलगाउन बाध्य छन् उनीहरूका बालबालिका पनि विद्यालयमा नियमित उपस्थित नहुने तथा कक्षा छाड्ने गर्दछन् ।

बालबालिकाहरूलाई विद्यालय भर्ना गरेर मात्र हुँदैन उनीहरूलाई माथिल्लो तहसम्म निरन्तरता दिइराख्नु पनि अर्को चुनौतिपूर्ण कार्य हो अतः उनीहरूलाई विद्यालय भर्ना भएपछि विद्यालयमा

टिकाइ राख्न कक्षा वा तह पुरा गराउन, उच्च शिक्षाका लागि प्रोत्साहन गर्नु पनि नितान्त जरूरी हुन्छ । त्यसका लागि समग्र अध्ययनको वरिपरि रहेर निम्न सुझावहरू प्रस्ताव गरिएको छ ।

क) चेपाङ्ग अभिभावकहरूलाई साक्षर बनाउन अनौपचारिक शिक्षामा जोड दिइनु पर्ने अर्थात्, प्रौढ शिक्षा, गृहिणी कक्षा आदि प्रभावको रूपमा सञ्चालन गरिनु पर्दछ । जसबाट अभिभावकहरूको छोराछोरीहरूलाई विद्यालय पठाउनु पर्दछ भन्ने नैतिक जिम्मेवारीपूर्ण भावनाको विकास हुन सक्दछ ।

ख) विद्यार्थीको घरायसी आर्थिक अवस्था सुधार गर्न अभिभावकहरूलाई आयआर्जन गर्न सिपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गरी रोजगारको व्यवस्था गरिदिनु आवश्यक देखिन्छ । जसबाट विद्यार्थीहरू आर्थिक उपार्जन तिर नलागि विद्यालय आउन सक्दछन् ।

घ) विद्यार्थीहरूलाई छात्रवृत्तिका साथै पोशाक, पाठ्यपुस्तक शैक्षिक सामग्री, उत्प्रेरणा जगाउन पुरस्कार आदिको व्यवस्था गरिएमा विद्यालय नियमितता बढ्ने र कक्षा छोड्ने प्रवृत्तिलाई निरूत्साहित गर्न मद्दत मिल्ने थियो ।

ङ) शिक्षक र विद्यार्थीबीच मानव सम्बन्ध स्थापना गरिनु उपयुक्त देखिन्छ । यसका लागि शिक्षकलाई मनोविज्ञान सम्बन्धी तालिम दिई बालमनोविज्ञानमा जोड दिने वातावरण तयार गर्नुपर्दछ ।

च) चेपाङ्ग बालबालिकाको लागि दिउँसोको खाजाको व्यवस्था गरी विद्यार्थीको नियमितता बढाइ विद्यालय छाड्ने प्रवृत्तिमा कमी गर्न सकिन्छ ।

छ) विद्यालयको भौतिक र शैक्षिक वातावरण आकर्षक बनाउनका लागि खेल मैदान खेलकुद सामग्री, मनोरञ्जनका साधन, शैक्षिक सामग्री जस्ता क्रियाकलाप सञ्चालन गर्ने व्यवस्थ मिलाउनु पर्दछ ।

ज) नीति नियम तर्जुमा गर्दा चेपाङ्ग जातिहरूलाई प्राथमिकता दिनुपर्दछ ।

झ) विद्यालय अध्यापन गर्ने शिक्षकहरू चेपाङ्ग जाति कै र स्थानीय हुँदा प्रभावकारी हुन्छ ।

ञ) अभिभावकहरूलाई बेला बेलामा विद्यालय उपस्थित हुने वातावरण मिलाउनु पर्दछ ।

ट)  प्रजा विकास कार्यक्रमलाई अझ प्रभावकारी बनाई चेपाङ्ग जातिका बालबालिकालाई विद्यालय पठाउन प्रोत्साहन गर्ने कार्यक्रमहरू लागू गर्नुपर्दछ ।

अन्त्यमा सिमित साधन, श्रोत र समयको परिधिभित्र रही गरिएको यस अध्ययनबाट सम्पूर्ण चेपाङ्ग जातिको शैक्षिक अवस्थाको केही हदसम्म भएपनि आँकलन गर्न सकिने विश्वास गरिएको छ भने माथि प्रस्तुत गरिएको सुझावहरूलाई ध्यानमा राखी सम्बन्धित पक्षले कार्य गरेमा अवश्य नै ७२.८ प्रतिशत चेपाङ्गहरू अझै निरक्षर रहेको अवस्थामा माथि प्रस्तुत गरिएका सुझावहरूलाई ध्यानमा राखी सम्बन्धीत पक्षले कार्य गरेका अवश्य नै चेपाङ्ग समुदायका बालबालिकाको शैक्षिक पहुँचमा भएको न्यूनतालाई कर्म गरी समस्याको समाधान गर्न सकिने विश्वास लिइएको छ ।

# सन्दर्भ ग्रन्थहरू

अधिकारी, विश्वराज (२०६५) **दरै जातिका बालबालिकाको शैक्षिक अवस्था अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन, सप्तगण्डकी बहुमुखी क्याम्पस

अधिकारी, सूर्यमणी (२०३४), **चितवन जिल्लाको चेपाङ्गहरू**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. काठमाडौ ।

उप्रेती (१९६६), **चेपाङ्ग भन्ने नेपाली जाति**, किर्तिपुर काठमाण्डौ ।

श्री ५ को सरकारको दशौं याजना (२०५९-२०६४), **आदिवासी तथा जनजाति सम्बन्धी दीर्घकालीन अवधारण**, काठमाडौ : राष्ट्रिय योजना आयोग ।

कार्की, कल्पना (२०६६), **मुसहर जातिको शैक्षिक अवस्था**, अप्रकाशित स्नातकोत्तर शोधपत्र सप्तगण्डकी बहुमुखी क्याम्पस चितवन ।

कोइराला, (२०६४), **काठमाडौ जिल्लाका प्राथमिक शिक्षामा दलित विद्यार्थीको सहभागिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि., कीर्तिपुर, काठमाडौ ।

ढुंगेल, राममणी (२०५१), **चेपाङ्ग समुदाय र संस्कृति**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि., कीर्तिपुर, काठमाडौ ।

हजसन, बि.एच.(१८४८), **आदिवासी चेपाङ्ग जाति एक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि., कीर्तिपुर, काठमाडौ ।

बिष्ट, डोरबहादुर (१९६७), **पिपुल अफ नेपाल**, कीर्तीपुर, काठमाडौ ।

भण्डारी, राधा (२०५३), **कास्की जिल्लामा गाइने जातिको सामाजिक अवस्था**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि. कीर्तिपुर, काठमाडौ ।

राई, नवीनकुमार (१९७४), **चेपाङ्ग जाति एक परिचय,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि. कीर्तिपुर, काठमाडौ ।

**सबैको लागि शिक्षा,** (१९९०), थाइल्याण्डको जोमटिन सम्मेलन प्रतिवेदन, शिक्षा मंन्त्रालय, काठमाण्डौ

**शैक्षिक ज्योति** (राष्ट्रिय द्वैमासिक २०६०), मकावनपुर

Final Report (1989) - Need Assessment Study of Praza

Gurung, Ganesh Man (1989), A Study in Continuity and Change, Kirtipur, Kathmandu.

SNV Nepal (April 3, 1994) A Bundle of Worries, Aspects of Life in the Praza Village, Chhervang Placed in a gender perspective. प्रजा विकास कार्यक्रम, मकावनपुर

## चेपाङ्गजातिका बालवालिकाको  शैक्षिक पहुँच

## अनुसुचि  १

### विद्यालयका प्र.अ. तथा शिक्षकका लागि तयार पारिएको अन्तर्वाता प्रश्नावली

नाम :                                                                 पद :

विद्यालय :                                                             मिति :

१  तपाईको विद्यालयमा चेपाङ्ग समुदायबाट आउने विद्यार्थी संख्या कति छ ?

.......................................................................................................

२  के यस समुदायका सबै बालबालिका विद्यालय भर्ना भएका छन् ?

.......................................................................................................

३  चेपाङ्ग बालबालिका र अन्य बालबालिकाको शैक्षिक उपलब्धीमा कस्तो फरक छ ?

.......................................................................................................

४  शैक्षिक उपलब्धी कम हुनुका कारणहरु के के हुन् ?

.......................................................................................................

५  यस समुदायका सबै बालबालिका विद्यालयमा भर्ना भएका छैनन् भने कारण के हो ?

.......................................................................................................

६  यस समुदायका बालबालिका विद्यालय नियमित उपस्थित छन् ?

.......................................................................................................

७  बीचैमा पढाई छोड्ने संख्या के कति छ ?

.......................................................................................................

८  बीचैमा पढाई छोड्ने कारण के हो ?

.......................................................................................................

९  चेपाङ्ग समुदायमा के कस्तो सहयोग भएमा भर्नादर र विद्यार्थी नियमितता बढाउन सकिन्छ ?

.......................................................................................................

१० चेपाङ्ग समुदायका बालबालिकाको निम्ति विद्यालय वा अन्य निकायबाट के कस्तो सहयोग प्राप्त हुन्छ ?

.......................................................................................................

११ चेपाङ्ग जातिको बालबालिकाहरुको विद्यालयमा बढी भन्दा बढी सहभागिता जुटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाको सहयोग प्राप्त भएको छ कि छैन ?

.......................................................................................................

# चेपाङ्गजातिका बालवालिकाको शैक्षिक पहुँच

## अनुसुचि २

## अभिभावकका लागि अन्तवार्ता प्रश्नावली

नाम : मिति :

ठेगाना : शिक्षा :

१ तपाईको घरमा विद्यालय जाने गरेका बालबालिका को संख्या कति छ ?

क) छोरा ख) छोरी

२ तपाईको छोरा छोरी विद्यालय नगई घरमै बसेका छन् ?

क) छन् ख) छैनन्

३ यदि बिद्यालय नगई घरमै बसेका छन् भने नजानुको कारण के हो ?

क) घरायसी काम ख) चेतनाको कमी

४ तपाईका विद्यालय जाने बालबालिका कुनै कक्षामा अनुतिर्ण भएका छन् ?

क) छन् ख) छैनन्

५ अनुतिर्ण भएपछि उनीहरुले के गरेका छन् ?

क) कक्षा दोहोऱ्याएका ख) विद्यालय छाडेका

ग) घर छाडेर बाहिर गएका

६ विद्यालय छाडेका छन् अहिले के गर्दै छन् ?

क) घरको काममा सहयोग ख) अन्य कुनै भएमा

७ तपाई बालबालिकालाई विद्यालय जान प्रोत्साहन गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

८ तपाइको बच्चा किन फेल हुन्छन् भएका होलान् ?

क) कमजोर आर्थिक अवस्था ख) विद्यालयमा पढाई नभएर

ग) विद्यालयमा नियमित नगएर घ) अन्य कुनै भएमा

९ तपाई विद्यालयमा गएर आफ्ना बच्चाको पढाई बारेमा जानकारी लिनु हुन्छ ?

क) लिन्छु ख) लिन्न

१० घरमा बालबालिकालाई कति समय काममा लगाउनु हुन्छ ?

क) पढ्न दिन्छु ख) काम गर्न लगाउँछु

११. विद्यालयलाई कत्तिको सहयोग गर्नु हुन्छ ?

क) गर्छु ख) कहिलेकाहीं गर्छु ग) गर्दिन

१२. विद्यालयलाई कत्तिको सहयोग गर्नु हुन्छ ?

क) गर्छु ख) कहिलेकाहीं गर्छु

# चेपाङ्गजातिका बालवालिकाको शैक्षिक पहुँच

## अनुसुचि ३

## विद्यार्थीकालागि अन्तवार्ता प्रश्नावली

विद्यार्थीको नाम : मिति :

विद्यालयको नाम : कक्षा :

१ तिमीलाई स्कूल जान मन पर्छ कि मन पर्दैन ?

क) पर्छ ख) पर्दैन

२ स्कूल जान मन पर्छ भने किन ?

.....................................................................................................

३ तिमी स्कुल समयमा नै पुग्छौ ?

क) पुग्छु ख) ढिलो पुग्छु

ग) कहिले काहीँ मात्र ढिलो पुग्छु ।

४ तिमी विद्यालय सधै आउँछौ ?

क) सधै जान्छु ख) कहिले काही मात्र जान्छु

५ कहिले काहीँ मात्र जान्छौ भने किन ?

.....................................................................................................

६ तिमी गृहकार्य सधै गर्छौ ?

क) सधै गर्छु

७ स्कूल ढिलो पुग्दा सरले तिमीलाई के गर्नु हुन्छ ?

क) पिट्नु हुन्छ ख) गाली गर्नुहुन्छ

ग) केही गर्नु हुन्न

८ तिमीले विद्यालयबाट छात्रवृत्ति पाएका छौ ?

क) पाएको छु ख) पाएको छैन ।

९ विद्यालयबाट पढ्नको लागि कस्तो सहयोगको अपेक्षा राखेका छौ ?

क) आर्थिक सहयोग ख) स्टेशनरी सहयोग

ग) पोशाक सहयोग घ) अन्य सहयोग

१० चेपाङ्ग जाति भएको कारण विद्यालयमा भेदभाव पाउछौ ?

क) छ ख) छैन

## चेपाङ्गजातिका बालवालिकाको शैक्षिक पहुँच

## अनुसुचि ४

## समुदायका शिक्षा प्रेमी व्यक्तिहरुकालागि अन्तवार्ता प्रश्नावली

नाम :

ठेगाना : मिति :

१ तपाईको छिमेकमा चेपाङ्ग समुदायका १६ वर्ष मुनिका बालबालिकाको संख्या कति होला ?

..................................................................................................................

२ ति मध्ये विद्यालयमा गइरहेकाको संख्या कति छ होला ?

..................................................................................................................

३ यस समुदायमा एस.एल.सी. माथि अध्ययन गर्नेको संख्या कति होला ?

..................................................................................................................

४ यस समुदायका मानिसहरुको आय श्रोत के के छ ?

..................................................................................................................

५ यस चेपाङ्ग समुदायका परिवारमा नोकरी वा अन्य रोजगारीगर्नेको संख्या कति छ ?

..................................................................................................................

६ यस समुदायका चेपाङ्ग जातिहरु विद्यालय पढ्न नजानुका कारण के के हुन ?

..................................................................................................................

७) यस समुदायका बालबालिका लाई नियमित विद्यालय जाने बनाउन के गर्नु पर्ला ?

..................................................................................................................

८) चेपाङ्गजातिका विद्यालय जाने बालबालिकामा के कस्ता परिर्वतनहरु पाउनु भएको छ ?

..................................................................................................................

९ उनीहरुको अभिभावकहरुले आफ्ना बालबालिका विद्यालय पढाएर के आशा राखेका छन् ?

..................................................................................................................

.१०) यस गा.वि.स मा चेपाङ्ग जातिका बालबालिकाका लागि अन्य संघसंस्थाबाट सहयोग प्राप्त भएको छ छैन

..................................................................................................................

## चेपाङ्गजातिका बालवालिकाको शैक्षिक पहुँच

## अनुसूचि ५

## स्थलगत सर्वेक्षण फारम

घरमूलीको नाम : मिती :

ठेगाना :

१) परिवार संख्या

क) महिला ख) पुरुष

२) पेशा

क) कृषि ख) मजदुरी

ग) नोकरी घ) व्यवसाय ङ अन्य कुनै भएमा

३) परिवारमा साक्षार व्यक्तिको संख्या

क) महिला ख) पुरुष ग) छैन

४) विद्यालय जाने केटाकेटी को संख्या

क) छात्रा ख) छात्र ग) छैन

५) विद्यालय उमेरका विद्यालय नजाने केटा केटीको संख्या

क) केटी ख) केटा ग) छैन

६) विद्यालय नजानुका कारणहरु ?

क) घरायसी काम ख) चेतनाको कमी

ग) भौतिक सहयोग घ) अन्य

७) तपाईको समुदायमा उर्तीण गरेका व्यक्तिको संख्या कति छ ?

क) महिला ख) पुरुष

८) सरकारी वा निजी बिद्यालयमा पढ्ने विद्यार्थी संख्या कति छ ? :

..........................................................................................................